का.जि.प्र.का.द.नं. १००/०५९/६०
३ माघ २०८२
शनिबार
17 January 2026
Saturday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक
ईपेपर हेर्न

वर्ष २३, अंक ३३८ । पृष्ठ ८ | Madhyanha National Daily | ww dhyanhadaily.com

# कांग्रेसमा पुस्तान्तरण

## गगन–विश्वको ऐतिहासिक जित

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २ माघ

नेपाली कांग्रेसको दोस्रो विशेष महाधिवेशनबाट निर्वाचित गगन थापा नेतृत्वको केन्द्रीय समितिले पार्टीको आधिकारिकता पाएको छ। यससँगै ८० वर्षीय कांग्रेसमा रूपान्तरण र पुस्तान्तरणको जग बसेको छ। नेपालको राजनीतिमा समेत यो निर्णयले रूपान्तरण र पुस्तान्तरणको जग बसेको आम विश्लेषण भएका छन्।

कांग्रेसको १४औं महाधिवेशनका बहुसंख्यक प्रतिनिधिले विशेष महाधिवेशनमार्फत नीति र नेतृत्व बदल्ने भन्दै भृकुटी मण्डपमा विशेष महाधिवेशन बोलाएका थिए। महाधिवेशनले पुस ३० मा थापा नेतृत्वको केन्द्रीय समिति चयन गरेको थियो।

५४ प्रतिशत महाधिवेशन प्रतिनिधिहरूले गत असोज २९ गते नै पार्टीका कार्यवाहक सभापति पूर्णबहादुर खड्कामार्फत विशेष महाधिवेशनको पत्र दर्ता गराएका थिए। तर संस्थापन पक्षले विशेष महाधिवेशनलाई अस्वीकार गर्दै महाधिववेशन प्रतिनिधिहरूको मागका विषयलाई छलफलमा समेत नल्याई पेल्दै लगेको थियो।

राष्ट्रिय राजनीतिमा निकै प्रभाव पार्ने कांग्रेसभित्रको यो अभियानले पार्टीलाई जनतामाझ सशक्त बनाउने एउटा आशा जगाएको नेताहरूले बताएका छन्। नेपालको राजनीतिमा २००७ सालपछि २०४६ र २०६२/६३ आन्दोलनबाट भएको परिवर्तनको जगलाई बलियो बनाउँदै आमनागरिकका आकांक्षा पूरा गर्ने जिम्मेवारी कांग्रेसको नयाँ नेतृत्वमाथि आएको नवनिर्वाचित पार्टीका प्रवक्ता देवराज चालिसेले बताए।

कांग्रेसको नेतृत्व हाँक्न पुगेका नेता गगन थापा २०६२/६३ को आन्दोलनबाट उदाएका नेता हुन्। राजसंस्थाविरुद्धको आन्दोलन क्रममा सडकबाट 'गणतन्त्र जिन्दावाद'को नारा लगाउने उनी एक्ला कांग्रेस युवा थिए। त्यसबेला उनलाई नेता नरहरि आचार्यले साथ दिएर राजनीतिमा स्थापित गरेका हुन्। तत्कालीन कांग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले नचाहँदा नचाहँदै पनि गणतन्त्रको नारा लिएर सडकमा उत्रिएका थापाले पार्टी सभापतिविरुद्ध समेत निरन्तर प्रश्न गर्दै राजनीतिमा उदाएका नेता हुन्। उनी नेविसंघको महामन्त्री भए पनि सभापति पराजित भएका थिए। २०६४ को संविधान सभा निर्वाचनमा समानुपातिक सांसद बनेका थापा २०७० यताका तीनवटा निर्वाचनमा काठमाडौं क्षेत्र नम्बर ४ बाट निर्वाचित हुँदै आएका थिए। यसबीचमा एकपटक स्वास्थ्यमन्त्री बने भने पार्टीको केन्द्रीय सदस्य हुँदै १४औं महाधिवेशनबाट शेखर कोइराला टिमबाट महामन्त्री >>> पृष्ठ ३ मा

## उतारचढावका चार घुम्ती

निर्वाचन आयोगले नेपाली कांग्रेस आधिकारीकताको छिनोफानो गरेसँगै शेरबहादुर देउवा पक्षले त्यसलाई अस्वीकार गरेको छ। देउवा पक्षका नेता पूर्णबहादुर खड्काले निर्वाचन आयोगले षड्यन्त्रपूर्वक निर्णय गरेको आरोप लगाए। आयोगको निर्णयविरुद्ध कानुनी र राजनीतिक दुवै लडाइँ लड्ने बताएका नेता खड्काले भने 'हामी वैधानिक कानुनी लडाइँ सबै लड्छौं। यो निर्णय धेरै समय अघिदेखि नै सेटिङ भएको भनिएका छन्। ती सबै कुरा चिर्दै आएको छ,' उनले पत्रकारहरूसँग भने, 'एकपक्षले दाबी गरेको आधारमा गरिएको निर्णय प्रक्रियागत रुपमा त्रुटिपूर्ण छ। षड्यन्त्रपूर्वक भएको निर्णय खारेज गर्छौं।' देउवा पक्ष अब कानुनी लडाइँका लागि अदालत जानेछन्। >>> पृष्ठ ३ मा

## के थियो विवादको जड ?

कांग्रेसमा विवादको जरो २३ र २४ भदौ २०८२ को जेनजी आन्दोलनसँग जोडिएको छ। आन्दोलनले राजनीतिमा नीतिगत सुधारसहित नेतृत्व परिवर्तनको माग गरेको भन्दै महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले आवाज उठाए । उनीहरूले आफू बदलिएर कांग्रेस बदल्ने उद्घोषका साथ पार्टीको १५औं महाधिवेशको मुद्दालाई सशक्त बनाए। तर संस्थापन पक्षले प्रतिनिधि सभाको निर्वाचनअघि आवधिक महाधिवेशन नगर्ने चाल चालेपछि महामन्त्रीहरूकै अगुवाइमा विशेष महाधिवेशनका लागि हस्ताक्षर संकलन भयो। असोज २९ मा विशेष महाधिवेशन माग गर्दै ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिको हस्ताक्षरसहित कार्यवाहक सभापति पूर्णबहादुर खड्कामार्फत १०१ नम्बरमा निवेदन दर्ता गरे। तर कार्यवाहक सभापति खड्काले उक्त मागका विषयमा ४५ दिनभन्दा >>> पृष्ठ ३ मा



कभर स्टोरी

# महत्त्वाकांक्षाको उडान

## मेयर छाडेर प्रधानमन्त्रीको दौडमा

■ जनक नेपाल र दिवाकर अधिकारी/मध्यान्ह



राजनीतिमा कहिलेकाहीँ यस्तो पात्र उदाउँछ, जसले लामो समयदेखि स्थापित राजनीतिक संरचना, दलगत शक्ति सन्तुलन र नेताको परम्परागत यात्रा सबै एकैचोटि भत्काइदिन्छ र नयाँ बाटो कोर्छ। त्यस्तै पात्र हुन्, बालेन्द्र शाह (बालेन) र हर्क साम्पाङ। २०७९ वैशाखको स्थानीय तहको निर्वाचनमा यी दुई पात्र यसरी उदाए जसले नेपाली राजनीतिमा परम्परागत शक्तिको विकल्प खोज्नेहरूलाई उत्साह मात्रै दिएन, राजनीतिप्रति आकर्षित हुनेको संख्या पनि बढायो।

र्‍यापर बालेन संघीय राजधानी काठमाडौंमा नेपाली कांग्रेस र नेकपा एमालेको गढ भत्काउँदै मेयर बने। उता धरानमा तत्कालीन माओवादी र कांग्रेससहितको पाँच दलीय गठबन्धन र एमालेको आक्रामक चुनावी तयारी पन्छाउँदै हर्क साम्पाङले चुनाव जिते। काठमाडौंमा बालेनको चर्चा थियो, चुनाव चिह्न लौरो लिए। बालेनबाट प्रभावित साम्पाङ पनि लौरोमै चुनाव लडे। स्वतन्त्र र समान चुनाव चिह्नमा लडेका बालेन र हर्क एकअर्काका प्रशंसक भए। एकले अर्कोलाई माया र सम्मान गर्ने भनेर सामाजिक सञ्जालमै लेख्थे। स्वभावमा फरक भए तापनि उनीहरू निकटजस्ता थिए। बोल्दै नबोल्ने बालेन र धेरै बोल्ने हर्कको दोस्तीले वैकल्पिक राजनीतिमा चाहना राख्नेहरूमा भने उत्साह थपिरहेकै थियो।

तर जब २३ र २४ भदौमा जेजनी आन्दोलन भयो र मुलुकको राजनीतिमा युवा पुस्ताको प्रतिनिधित्वको सवाल आयो, यी दुई पात्र दुईतिर भए। हर्कले प्रधानमन्त्री बन्न चाहे, बालेनले रोके। हर्कले मन्त्री हुने चाहना राख्दासमेत बालेन तयार भएनन्। परिणाममा यी दुई पात्र आगामी निर्वाचनमा एकअर्कोविरुद्ध देखिँदै छन्। फेरि पनि बालेन नबोलेरै हर्कको प्रधानमन्त्री बन्ने चाहनामा तगारो बन्दै छन्। धेरै बोलेर हर्क बालेनलाई चुनौती दिन खोजिरहेका छन्। चुनावी परिणाम कस्तो आउँछ त्यसले मुलकको भावी नेतृत्व तय होला। तर यी दुई यस्ता पात्र हुन् जसले परम्परागत शक्तिमाथि प्रश्न मात्रै उठाएनन् आगामी दिनमा मुलुकको नेतृत्व लिने प्रतिस्पर्धा गर्दै छन्। यस्तै दौडमा अन्य कैयन दल छन्। तर यी दुई पात्र स्थानीय चुनावमा उदाएर सिधै प्रधानमन्त्री ताकेर अघि बढिरहेका छन्।

- **छलाङको दाउमा बालेन**
- **एक्लोपनबाट उदाएका हर्क**

>>> विस्तृत पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## मलेसियामा सुरक्षागार्डको समस्या समाधान हुन समय लाग्छ : दूतावास

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ माघ

मलेसियास्थित नेपाली दूतावासले सुरक्षागार्डको समस्या समाधान हुन समय लाग्ने बताएको छ। नेपाली दूतावास क्वालालम्पुरको शुक्रबारको साप्ताहिक फेसबुक कार्यक्रममा धेरैजसो नेपालीले एक वर्षको अवधि पूरा हुन लाग्दा समेत सुरक्षागार्डको रोजगारीमा न्यूनतम मासिक १७ सय रिंगेट तलब पाउन नसकेको गुनासो गरेका छन्।

नेपाली दूतावासले सुरक्षागार्डको काम गर्ने नेपालीलाई हप्तामा न्यूनतम एक दिन आराम अनिवार्य गरेको बताएको छ। तर आराम गरे कम्पनीले तलब काट्ने डरले नेपाली सुरक्षागार्डले पुरै महिना काम गर्नुपरेको गुनासो गरेका छन्।

मलेसियाले कार्यान्वयन गरिरहेको कर्मचारी भविष्य कोष (इपिएफ)का लागि मासिक ३५ रिंगेट कट्टा हुने गुनासो पनि उनीहरूको छ। मलेसियामा कर्मचारीहरूलाई अवकाश र अन्य वित्तीय सुरक्षाका लागि बचत जम्मा गर्न अवकाश बचत कोष सञ्चालन गरिएको छ। शुक्रबारको कार्यक्रममा नेपाली सुरक्षागार्डहरूको गुनासोपछि नेपाली दूतावासले न्यूनतम तलब र छुट्टी नदिने कम्पनीको विवरण पठाउन आग्रह गरेको छ।

मलेसियामा कामको तुलनामा अन्य क्षेत्रका कामदारको भन्दा सुरक्षागार्डको तलब कम देखिएको गुनासो पहिलेदेखि नै छ। मलेसियाले गत फेब्रुअरी पहिलो तारिखदेखि >>> पृष्ठ २ मा

VACANCY ANNOUNCEMENT
Looking For Experience (3 to 4 Years), Smart, Energetic & Dynamic Candidates For Following Job Position.
Documentation - 2 (Male/Female)
SALARY Negotiable
Requirements:-
- Qualification : +2 passed.
- Good command of English Language.
- Excellent computer skills (Email & Internet), Photoshop, Excel .
Send Your CV at document : docs.tgra2025@gmail.com
The Global
Govt. Lic. No.: 1253/074/075
THE GLOBAL RECRUITMENT AGENCY PVT.LTD.
महाराजगंज चक्रपथ, धारापाटी, काठमाडौं, नेपाल,
Call us at 01- 4965983, 4965264

मध्यान्ह
www.madhyanhadaily.com

३ माघ २०८२ शनिबार
17 January 2026 Saturday

कभर स्टोरी

# छलाङको दाउमा बालेन



संविधान सभाबाट संविधान जारी भएपछि २०७४ मा तीनवटै तहको निर्वाचन गरियो । मतदानकै दिन सामाजिक सञ्जालमा बालेन्द्र शाह (बालेन)ले लेखेका थिए, 'आज भोट हालिएन किनभने म उम्मेदवार थिइनँ ।' त्यतिन्जेलसम्म उनका दुई परिचय थिए । एउटा इन्जिनियर र अर्को र्‍यापर ।

पाँच वर्षपछिको स्थानीय तह निर्वाचनसम्म आइपुग्दा भने बालेनलाई राजनीतिले छाइसकेको थियो । २०७९ वैशाखको चुनावमा काठमाडौं महानगरको मेयरमा उम्मेदवारी दिएर उनले तेस्रो परिचय बनाए, नेता । बालेनको नारा थियो- आजसम्म दलले गरे, अब बदल्नेले गरौं ।

धेरैले अनुमानसम्म नगरेको नतिजा ल्याएर उनी काठमाडौं महानगरको मेयर निर्वाचित भएका थिए । मुख्य प्रतिस्पर्धी दल कांग्रेस-एमालेका उम्मेदवार फराकिलो मतान्तरसहित क्रमशः दोस्रो र तेस्रो बनेका थिए । दलको विरोध गरेका महानगरमा उदाएका बालेनको प्रतिबद्धता पाँच वर्ष पनि टिकेन । चुनावी बाचा पूरा नगरेरै उनी आधा कार्यकालमै महानगरबाट बाहिरिँदै छन् । मेयरबाट प्रधानमन्त्रीमा 'छलाङ' हान्ने सपना लिएर तराई झर्दै छन् ।

बालेनको पहिलो संसदीय निर्वाचन सम्भवतः झापा-५ हुनेछ, जहाँ तीन दशकदेखि पूर्वप्रधानमन्त्री एवं नेकपा(एमाले) अध्यक्ष केपी शर्मा ओली चुनाव लड्दै आएका छन् । 'ओलीलाई नहराए चुनाव जितेको के मजा' भन्दै झापा ओर्लिन लागेका बालेनका कारण यो क्षेत्रले सिंगो देशको ध्यान तानेको छ । प्रतिनिधि सभा चुनाव लड्न ४ माघमा मेयरबाट राजीनामा दिएर घण्टीघर पुग्नेछन् । भोलिपल्टैदेखि जनकपुरबाट चुनावी अभियान थालेर ६ माघमा झापा-५ बाट उम्मेदवारी दिने तयारी रहेको उनको सचिवालयले जनाएको छ ।

भावी प्रधानमन्त्रीको उम्मेदवार बनेर रास्वपाका नेता हुँदा बालेनका पछिल्ला भेटघाट र अभिव्यक्ति जति परिपक्व सुनिएका छन्, मेयरका रूपमा भने उनी निकै अपरिपक्व देखिए । आफ्नो टिमको साघुँरो घेरामा बसेर महानगर हाँके । न सर्वसाधारणले भेट्न पाए, न त कुनै डेलिगेसन टोलीसँग छलफलमै बसे । महानगरका केही सार्वजनिक उद्घाटन र सांस्कृतिक कार्यक्रममा देखिएबाहेक बालेनले आमनागरिकसँग कहिल्यै दोहोरो संवाद गरेनन् । मेयरको कार्यभार सम्हाल्नेबेला पत्रकारले सोधेका प्रश्नमा नोकझोंक गरेका बालेनले त्यसपछि कहिल्यै पत्रकार सम्मेलन गरेनन् । त्यसले उनी प्रश्न सुन्न चाहन्नन् भन्ने बुझाउँछ ।

## भिन्न शैली, अपरिपक्व व्यवहार

कांग्रेस-एमालेको 'कोर एरिया'मा चुनाव जितेपछि बालेनलाई शंकासँगै आशाको नजरले हेरिएको थियो । स्वतन्त्र उठेर कांग्रेसको पाँच दलीय गठबन्धन र एमालेको 'लालकिल्ला'मा जित हासिल गरेपछि राष्ट्रिय-अन्तर्राष्ट्रिय रूपमा उनी चर्चित भए । महानगरमा गैरदलीय जनप्रतिनिधि बालेन मात्र थिए । पहिलो एक वर्ष उनलाई कसैले बाधा पुर्‍याएन । कतिसम्म भने महानगरका बैठक प्रत्यक्ष प्रसारण गर्ने निर्णयमा असन्तुष्ट रहे पनि कसैले विरोध गर्न सकेनन् । किनभने बालेनबिरुद्ध बोल्ने वडाध्यक्षमाथि सामाजिक सञ्जाल खनिइहाल्थ्यो । उपमेयर सुनिता डंगोलसँग समन्वय गरेर काम गरुन्जेल महानगर बोर्डमा उनीमाथि कहिल्यै प्रश्न उठेन । जसै एक्लै हिँड्न थाले, त्यसले बालेनलाई विवादमा मात्र तानेन महानगरभित्र तनावसमेत निम्त्यायो ।

चुनावताका बालेनले काठमाडौंको फोहोरलाई मोहरमा बदल्ने सपना देखाएका थिए । अर्गानिक फोहोरलाई प्रशोधन गरेर छिमेकी जिल्लामा प्रांगारिक मल बिक्रि गर्ने भनेका थिए । तर त्यसमा खासै प्रगति देखिएन । बरु पटकपटक फोहोर नउठेर नगरवासीले सास्ती बेहोर्नुपर्‍यो । मेयर निर्वाचित भएलगत्तैको अवरोध हटाउन बालेन र सुनिता दुवै बन्चरे डाँडासम्म पुगे । त्यसपछि पनि पटकपटक फोहोर उठाइएन । तर उनले डम्पिङ साइट क्षेत्रका गुनासो सुनेर समाधान निकाल्ने जाँगर देखाएनन् । संघीय सरकारसँग समन्वय अभावले ती समस्या निम्तिएका थिए । पछिल्लो समय सहरी विकासमन्त्री बनेका कुलमान घिसिङले सहमति गरेर काठमाडौंको फोहोर उठाउनुपरेको थियो । महानगरका मेयर पदेन सदस्य रहेका सिंहदरबारका कुनै पनि कार्यक्रममा उनी सहभागी भएनन् ।

बालेन नेतृत्वमा भएको अर्को काम फुटपाथ व्यवस्थापन हो । यसमा प्रशंसाभन्दा आलोचना धेरै बेहोर्नुपर्‍यो । खासगरी नगरप्रहरीले भुइँमान्छेमाथि बर्साएको बुट र लाठीले धेरैलाई बालेनको चुनावी र्‍याप सम्झना गरायो, '...गरिबको चमेली कोही छैन, कोही छैन ।' बागमती किनारका बस्ती हटाउनेबेला पनि तल्लो वर्गसँगै उनको संघर्ष भयो । महानगरभित्र कबाड संकलनमा अवरोधले वर्षौंदेखि त्यही काम गर्दै आएका तराई-मधेसका हजारौंको काम खोसियो । विकल्पबिना थालिएका यी अभियानले बालेनलाई गरिब र सुकुम्बासीको विरोधी बनाइदियो । त्यसविरुद्ध पटकपटक प्रदर्शनसमेत भए ।

उनको अर्को फन्डा थियो, पुरिएको टुकुचा खोतल्ने काम । राणाकालमै योजनाबद्ध रूपमा टुकुचा छोपेर संरचना बनाइएको दस्तावेज भेटिएपछि भने सय वर्ष पुराना ती संरचना भत्काउन उनी हच्किए । नक्सापास गरिएका अन्डर पार्किङमा बनेका संरचना हटाउँदा भने बालेनको हाइहाइ नै भयो ।

महानगरभित्रका सामुदायिक विद्यालय सुधार्न पनि बालेन नेतृत्वले केही सकारात्मक पहल अघि बढाएको छ । उनले निजी विद्यालयका विदेशी नाम बदल्ने अभियान पनि चलाए । बुक फ्रि फ्राइडेले विद्यार्थीमा सिकाइ फराकिलो पारेको छ । खुला प्रतिस्पर्धाबाट निजी विद्यालय र कलेजमा छात्रवृत्ति दिन थालिएको छ । सहरको सांस्कृतिक वैभव जोगाउन फाल्चाजस्ता साना तर आकर्षक योजना अघि बढेका छन् ।

## विवाद ब्रान्ड

सामाजिक सञ्जालमा बालेन जति लोकप्रिय छन्, जनसर्म्पकमा उति नै कमजोर देखिन्छन् । पछिल्लो जेनजी आन्दोलनपछि उनका उत्तेजक अभिव्यक्तिले पनि २४ भदौको विध्वंसलाई मद्दत पुर्‍याएको विरोधी कित्ताको आरोप छ । धेरैअघि आफ्नी श्रीमती चढेको महानगरको गाडी प्रहरीले रोकेको आक्रोशमा 'सिंहदरबार जलाइदिन्छु' भनेका बालेनमाथि अहिले त्यही आरोपले लखेटेको छ । आन्दोलन भड्काउन सामाजिक सञ्जालबाट आह्वान गरेका बालेनले चाहेको भए विध्वंस रोक्न र समयमै दमकल पठाएर सर्वोच्च अदालत, राष्ट्रपति भवन र सिंहदरबार नचाहेको आलोचकको आरोप छ । प्रतिबद्धतापत्रमा फायर ब्रिगेडको योजनाअघि सारेका बालेन महानगर छाड्दा भने सिंहदरबार, सर्वोच्च र शीतल निवास जल्दा आगो निभाउन एम्बुलेन्स नपठाएको आरोप लिएर बाहिरिँदै छन् । भलै, उनले त्यसबारे पर्याप्त प्रस्टीकरण दिइसकेका छन् ।

आन्दोलनपछि मुलुक बालेनकै रोडम्यापमा चलेको देखिन्छ । उनैले सेना प्रमुखसँग वार्तामा बस्न, संसद् विघट्नलाई सर्त बनाउन र सुशीला कार्कीलाई प्रधानमन्त्री बनाउन जेनजी समूहहरूलाई सार्वजनिक आह्वान गरेका थिए । सुरुमा उनैलाई अन्तरिम सरकारको प्रधानमन्त्री बन्ने प्रस्तावसमेत गरिएको सैनिक स्रोत बताउँछ । सेनाले नै बालेनलाई नेतृत्वमा ल्याउन चाहेको थियो । तर उनी ६ महिने प्रधानमन्त्री बन्नुभन्दा आमचुनावबाट पाँचवर्षे प्रधानमन्त्री बन्ने तयारीसहित अघि बढे । नेपाली सेना र बालेनबीच उनी महानगरको मेयरको प्रतिस्पर्धामा आउँदादेखि विशिष्ट सम्बन्ध देखिन्छ । मेयरको शपथपछि पनि उनी शुभकामना लिन सैनिक मुख्यालय पुगेका थिए । आन्दोलनपछि सत्ताको चाबी सेनालाई सुम्पिन पनि उनको भूमिका देखियो । सेना आफैं प्रधानमन्त्रीको निवेदन मागिरहेको थियो । जेनजी अगुवाहरूले राष्ट्रपति खोजेर सेनापति अशोकराज सिग्देललाई शीतल निवास सम्झाएका थिए ।

त्यसरी हातैमा आएको प्रधानमन्त्री छाडेका बालेनले सरकारमा आफ्नो प्रभाव भने कायमै राखे । सुरुवाती दिनमा आफूले चाहेका व्यक्ति मन्त्री र चाहेको निर्णय गराए । रास्वपा सभापति रवि लामिछानेविरुद्ध लागेका सम्पत्ति शुद्धीकरण र संगठित अपराध मुद्दा फिर्ता गराउन पनि बालेनकै पहलले काम गरेको मानिन्छ । पछिल्लो ध्रुवीकरणमा पनि उनी निर्णायक बने । सुरुमा रास्वपासँग कुरा मिलिरहेको थिएन । तर ललितपुरमा बसेर शृंखलाबद्ध भेटघाट र वार्ता गर्न थालेपछि रविले उनलाई नलिई चुनावमा जाने जोखिम उठाउन सकेनन् । सम्भवतः त्यसैले भावी प्रधानमन्त्रीका रूपमा बालेनलाई अघि सारेर रास्वपा चुनावी अभियानमा निस्कन लागेको छ । आठ वर्षअघिसम्म आफू नउठेको चुनावमा भोट नहाल्ने भनिरहेका बालेन रास्वपाको घोडा चढेर बहुमतसहित सिंहदरबारमा उदाउने महत्वाकांक्षासहित अघि बढेका छन् ।

# प्रधानमन्त्री ताक्दै हर्क



ताप्लेजुङका सन्तोष राई आफ्नै जिल्लाबाट प्रतिनिधि सभा सदस्यको निर्वाचन लड्दै छन् । श्रम संस्कृति पार्टीबाट टिकट लिएपछि उनलाई पत्रकारहरूले सोधे, शक्ति केन्द्र यता रहेछ होइन ?' सन्तोषले जवाफ दिए, 'अध्यक्षज्यू यहीँ हुनुहुन्छ । अन्य पार्टीमा भए काठमाडौं पुग्नुपर्ने थियो हो त्यो यहाँ परेन ।'

श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङ आफैं पनि धरानमै रहेर टिकट बाँड्ने विषयलाई परिवर्तनका रूपमा लिन्छन् । उनी भन्छन्, 'गणतन्त्र केका लागि ल्याएको त ? यसकै लागि होइन ? पहिले टिकट लिन काठमाडौं नै पुग्नुपर्थ्यो । अहिले म धरानबाटै चुनावको तयारी गरिराख्या छु ।' पार्टीको गतिविधिका लागि उनले धरानमा सम्पर्क सचिवालय राखेका छन् । जहाँ बसेर उनी देशभरबाट उठ्ने प्रत्यक्ष तर्फका उम्मेदवारहरूलाई टिकट दिइरहेका छन् ।

नेपाली राजनीतिमा एउटा महत्वपूर्ण उपस्थिति जनाउने गरी साम्पाङ कसरी उदाए ? यसको पृष्ठभूमि अपत्यारिलो छ । किनभने उनी पार्टी संरचना बनाएर, विचार सिद्धान्त तय गरेर, लामो राजनीतिक संघर्ष गरेर उदाएका नेता होइनन् । धरानमा व्याप्त खानेपानी समस्याको मुद्दालाई उठान गर्दा गर्दै मेयर बने । सामाजिक अभियन्ताका रूपमा एक्लै धरानको समस्याबारे प्रश्न उठाइरहेका र समाधानका लागि श्रम, स्वच्छता र जनसहभागिताको कुरा गर्दा उनी एक्ला जस्ता देखिन्थे । २०७९ को स्थानीय चुनावी प्रचारमा उनी सडकमा कोही नभए तापनि आफ्ना कुरा राखिरहेका हुन्थे । उनीसँग कुनै बलियो संगठन थियो न प्रचार संयन्त्र । आफैं एक्लै चुनावी प्रचार गरिरहेका साम्पाङलाई मतदाताले काम गर्ने मान्छेका रूपमा लिए र पत्याए ।

चुनाव जितेपछि प्रतिबद्धता भुलेनन् । स्वच्छ पानी, सरसफाइ र श्रमदान अभियान अगाडि बढाए । जसमा उनले पाएको जनसर्मथनका दृश्यहरूले धरानसहित देशभरका जनतामा नयाँ ऊर्जा भर्‍यो । धरानमा ढुंगा बोकेर हिँड्ने, ढल सफा गर्ने, जनतासँगै घामपानी सयर गर्ने साम्पाङ सबैका मान्छे भए । उनका हरेक गतिविधिले राष्ट्रिय चर्चा पाउँदै आएको छ । त्यही धरातलमा टेकेर साम्पाङले श्रम संस्कृति पार्टी गठन गरेका छन् ।

७ असोज २०८२ मा पार्टी दर्ताका लागि काठमाडौं आउँदा उनले निर्वाचन आयोगको परिसरमा पत्रकारहरूसँग भनेका छन्, 'सिस्टम नै बिग्रिएको छ, व्यक्तिले मात्रै होइन, नीति-संरचनामा परिवर्तन चाहिन्छ ।' यही सोचले स्वतन्त्र बनिरहन दिएन, संगठित भएर राजनीतितर्फ मोडिएका छन् ।

अर्थात् साम्पाङ अब मुलुककै नेतृत्व गर्न चाहन्छन् । आफूलाई प्रधानमन्त्रीका रूपमा प्रस्तुत गरेर जनतामाझ मत मागिरहेका छन् । निर्वाचन आयोगबाट दल दर्ताको प्रमाणपत्र लिएसँगै विभिन्न जिल्लाहरूको सभामा पुगे र यही सन्देश प्रवाह गरे । पूर्वी तराईबाट सुरु गरेर पूर्वी पहाड हुँदै हिमालसम्म पुगेर उनले 'प्रधानमन्त्री हुन्छु' भन्ने दाबी गरे । यी सबै घटनाक्रमले हर्क साम्पाङलाई सामान्य स्थानीय नेताबाट राष्ट्रियस्तरको नेताकै हैसियतमा पुर्‍याएको छ । साम्पाङ १ सय ६५ निर्वाचन क्षेत्रमै उम्मेदवार उठाउँदै छन् । समानुपातिकतर्फ १ सय १० सिटमै उम्मेदवारी दिएका छन् ।

भावी प्रधनमन्त्रीकै रूपमा प्रस्तुत हर्क साम्पाङको राजनीतिक यात्रा भने परम्परागत अर्थमा राजनीतिकै थिएन । उनी कुनै ठुला दलका केन्द्रीय समिति सदस्य थिएनन्, संसदमा भाषण गरेको इतिहास थिएन, न त सत्ता पहुँच नै थियो । धरानको मेयर हुनु अगाडि खानेपानी अभियन्ता, सामाजिक आलोचक र व्यवस्थाविरोधी आवाजका रूपमा चिनिन्थे । सामाजिक सञ्जालमा उनका भाषण कडा, आक्रामक र भावनात्मक हुन्थे । जनताको कुरा सिधै बोल्ने शैलीका कारण कैयनपटक अलोच्य हुन्थे । स्थानीय चुनावअघि एक्ला जस्तै थिए । त्यसकारण सडकमा एक्लै भाषण गरेर मत मागिरहेका थिए । संगठित पार्टी संरचना, चुनावी संयन्त्र, आर्थिक स्रोत सबै हिसाबले उनी कमजोर साम्पाङलाई त्यही कमजोर अवस्थाले एउटा फरक पहिचान पनि दियो र नारा लगाए- दलविहीन तर जनपक्षीय सरकार । दलतन्त्रबाट आजित मतदाताले पत्याए । दलका आन्तरिक गुटबन्दी, विकासमा देखिएको टकराव र नेताहरूको जीवनशैलीप्रति बढ्दो असन्तोषलाई साम्पाङको शैलीले चिर्‍यो । उनको चुनावी अभियान नारा पोस्टर केन्द्रित थिएन, बरु भावनामा केन्द्रित थियो । 'मैले खानुपरेन, धरानलाई पानी चाहिएको छ' भन्ने उनको शैलीले मतदातासँग भावनात्मक सम्बन्ध बनायो । दलका उम्मेदवारबीच प्रतिस्पर्धा हुँदा मत विभाजन हुनु र स्वतन्त्र' उम्मेदवारप्रति आकर्षण बढ्नु उनको जितका अनुकूल कारण बन्यो । यही शैलीलाई उनी देशभर फैलाउने र मुलुकको नेतृत्व गर्ने महत्वकांक्षामा पुगेका छन् ।

## हर्क कसरी महत्वकांक्षी भए ?

सत्तामा पुगेपछि धेरै आन्दोलनकारी नेताहरू व्यवस्थामै हराउँछन् । तर हर्क साम्पाङले आफूलाई फरक देखाउने प्रयास गरे । उनले औपचारिकताभन्दा श्रमलाई प्राथमिकता दिए– डोजर चलाउने, पाइप बोकेर, पहाड चढ्ने, खोलाबाट पानी ल्याउनेलगायतका कार्यमा आफूलाई व्यस्त राखे । यी दृश्यहरू सामाजिक सञ्जालमा व्यापक रूपमा फैलियो । यी दृश्यहरू प्रतीकात्मक मात्र थिएनन् । नेपाली राजनीतिमा 'काम नगर्ने नेताको छवि'विरुद्ध साम्पाङका गतिविधिका दृश्यहरूले गहिरो प्रभाव पार्‍यो । उनले भाषा पनि परिवर्तन गरे–जटिल नीति होइन, सिधा प्रश्न र सिधा उत्तर । आलोचकलाई पनि सार्वजनिक रूपमा जवाफ दिने, कहिलेकाहीँ आक्रामक हुने शैलीले समर्थकहरूलाई 'आफ्नै मान्छे जस्तो' भन्ने अनुभूति गरायो । यही शैलीले आलोचना पनि जन्मायो–संस्थागत निर्णयको बेवास्ता, संवादमा कठोरता, दीर्घकालीन योजनाभन्दा तत्काल प्रदर्शनमा जोड दिने शैलीका कारण आलोचित भए तापनि समर्थकहरूका लागि साम्पाङका यी कमजोरीभन्दा इमानदार प्रयास ठुलो लाग्यो र समर्थन निरन्तर पाइराखे ।

जनताको निरन्तरको समर्थन र देश तथा विदेशमा रहेका नेपालीले समेत अगाडि बढ्न दिएको ढाडसले साम्पाङ महत्वकांक्षी भए । कतिसम्म भने उनी जेनजी आन्दोलन पछाडि नै प्रधानमन्त्री बनेर नेतृत्व लिन्छु भन्ने ठाउँमा पुगेका थिए । २३ र २४ भदौको जेनजी आन्दोलनपछि काठमाडौं आएर उनले जेनजीको भावनाबमोजिम काम गर्छु भन्ने जिम्मेवारी खोजे । तर पाएनन् । त्यसपछि उनी पार्टी नै खोलेर अगाडि बढेका हुन् ।

अर्थात्, समयसँगै हर्क साम्पाङ केवल धरानका मेयर रहेनन् । उनी दलविरुद्धको प्रतीक बने । सबै पार्टी एउटै हुन् भन्ने भावनाको प्रतिनिधि भएर मेयर भए । यही भावनाले उनलाई धरान बाहिर फैलायो र मञ्च दियो, स्वागत भयो । तर अब भने उनी दल गठन गरेर देशव्यापी फैलिन खोज्दै छन् । यसकारण अब उनले सबै दल उस्तै होइनन् भन्ने पुष्टि गर्नु छ । अब उनको भाषामा स्थानीय समस्या मात्र होइन, देश बनाउनेगरी नेतृत्व लिने आधार देखिनुपर्छ । पुराना नेता हटाउने कुराले मात्रै मुलुक बन्दैन, प्रधानमन्त्री भएपछि गर्ने कामको गहिरो आधार चाहिन्छ । यसकारण प्रश्न छ, सिधै प्रधानमन्त्री हुने चाहना महत्वकांक्षा मात्रै हो कि नीति र योजना पनि छ ?

सार्वजनिक रूपमा उनका गतिविधिलाई नियाल्दा हर्क साम्पाङको प्रधानमन्त्री हुने चाहनालाई दुई तरिकाले हेर्न सकिन्छ ।

पहिलो : यो जनआक्रोशको स्वाभाविक विस्तार । जब स्थापित दलहरूबाट निराशा गहिरिन्छ, तब नागरिकहरू 'बाहिरको पात्र'लाई नै शीर्ष नेतृत्वमा देख्न चाहन्छन् । साम्पाङले यही मनोविज्ञान पढेका छन् ।

दोस्रो : संस्थागत हुने चाहना । यस्तो चाहना पूरा गर्न राजनीति शक्ति चाहिन्छ । नेपालको संसदीय व्यवस्था, गठबन्धनको गणित, संघीय संरचना र दलगत अनुशासनमा उनको शैली स्थापित हुनुपर्छ । किनभने सिधै प्रधानमन्त्री बन्ने बाटो अत्यन्त जटिल छ । स्थानीय लोकप्रियता राष्ट्रिय मतमा रूपान्तरण गर्न संगठन, नीति, टोली र धैर्य चाहिन्छ ।

हालसम्मको हर्क साम्पाङको बलियो पक्ष भावनात्मक नेतृत्व हो । तर राष्ट्रिय नेतृत्वका लागि आर्थिक नीति, परराष्ट्र नीति, संसद् व्यवस्थापनजस्ता विषयमा स्पष्टता आवश्यक हुन्छ । उनले यी पक्षमा आफ्नो शैली रूपान्तरण गर्दै स्थापित गर्न खोजेका हुन सक्छन् । कारण र परिणाम जे जस्तो भए तापनि हर्क साम्पाङको उदय नेपाली राजनीतिमा एउटा पृथक सन्देश हो- जसमार्फत नागरिकको चाहना बुझ्न सकिन्छ । ताकि नागरिकहरू नेताबाट भाषण होइन, काम चाहन्छन्, पार्टी होइन, इमानदार नेतृत्व खोजिरहेका छन् ।

# सरकार र प्रसाईंबीच सम्झौता



**काठमाडौं/मस–** सरकार र राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाभियान, नेपालबीच सम्झौता पत्रमा हस्ताक्षर भएको छ । २७ बुँदे माग र सवालका विषयमा नेपाल सरकारका तर्फबाट वार्ता समितिका संयोजक सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेल र महाअभियानका तर्फबाट दुर्गा प्रसाईंले सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन् । २६ कात्तिकमा महाअभियानले गृह मन्त्रालयमा २७ बुँदे माग पत्र बुझाएको थियो । गृहमन्त्री ओमप्रकाश अर्यालसहितको वार्तामा प्रसाईं समूहका माधव प्रसाद खतिवडाले मागपत्र बुझाएका थिए ।

मागपत्रमा संविधान खारेजदेखि, राजसंस्था पुनर्स्थापना र प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीसम्म छन् । साथै बैंक तथा वित्तीय संस्थाबाट लिइएको ऋण मिनाहाका माग पनि प्रसाईंले राखेका छन् ।

पहिलो नम्बरमा नेपाल नेपालीले नै बनाउने र यहाँको व्यापार पनि नेपालीले नै गर्न पाउने वातावरण बनाउन माग गरेका राखेका छन् । त्यस्तै संविधान खारेज गरी बौद्ध किराँत सहित वैदिक सनातन धर्म सापेक्ष हिन्दू अधिराज्य र संवैधानिक राजसंस्थाको स्थापना गरिनुपर्ने माग गरिएको छ । यो विषय जनमत संग्रहमार्फत टुंग्याउनुपर्ने पनि माग उनको छ । त्यस्तै प्रदेश संरचना खारेज गरी ५ विकास क्षेत्र, १४ अञ्चल, ७५ जिल्ला पुरानै अवस्थामा कायम गर्नुपर्ने माग छ । बैंक वित्तीय संस्थालाई राष्ट्रियकरण गरी जोखिम रकम उठाई बैंक र व्यवसायीलाई छुट्याउनुपर्ने माग गरिएको छ ।

## मलेसियामा...

स्वदेशी तथा विदेशी कामदारको तलब १७ सय रिंगेट पुर्‍याएको थियो । सैद्धान्तिक रूपमा नेपाली सुरक्षागार्डको तलब १७ सयभन्दा कम छैन, तर व्यवहारमा सुरक्षागार्डको तलब अन्य क्षेत्रमा काम गर्ने नेपाली कामदारको भन्दा कम हुन पुगेको हो ।

मलेसियामा अन्य क्षेत्रमा महिनाको २६ दिन दैनिक ८ घण्टाका दरले काम गर्दा मासिक २ सय ८ घण्टा काम गर्दा न्यूनतम मासिक तलब १७ सय रिंगेट छ । तर सुरक्षागार्डले सोही तलबका लागि मासिक ३ सय ६० घण्टा काम गर्नुपरेको गुनासो छ । कार्यघण्टाको कामको आधारमा सुरक्षागार्डको मासिक तलब २९ सय ४२ रिंगेट हुनुपर्नेमा अधिकांशले १७ सय र केही कम्पनीले २३ सय रिंगेटसम्म दिने गरेको दूतावासका जनसम्पर्क अधिकृत भरत गिरी बताउँछन् ।

# 'भूकम्पीय क्षति घटाउन पूर्वतयारी आवश्यक'

**काठमाडौं/मस–** गृहमन्त्री ओमप्रकाश अर्यालले भूकम्पीय क्षति घटाउन पूर्वतयारी आवश्यक भएको बताएका छन् । शुक्रबार भूगोल पार्कमा आयोजना गरिएको २८औं भूकम्प स्मृतिसभामा उनले विपद्को सामना गर्न अन्तरसरकार समन्वय बढाउँदै लैजानुपर्नेमा जोड दिए ।

गृहमन्त्री अर्यालले स्थानीय सरकारबाट भएका प्रयासलाई संस्थागत गर्दै लैजानुपर्ने बताए । 'आपसी अभ्यास र सिकाइले क्षमता बढाउन सक्छ,'उनले भने,'नागरिक सचेतना र उत्थानशील सहरका आधारभूत सूचकको कार्यान्वयनमा क्षमता बढाउँदै लैजानुपर्छ ।'

सभाका अध्यक्ष एवं काठमाडौं महानगरपालिकाका उपप्रमुख सुनिता डंगोलले समुदायको क्षमतालाई विपद् पूर्वतयारी, खोज उद्धार, पुनःस्थापना र पुनर्लाभको औजार बनाउनुपर्ने बताए ।

'विपद्का समयमा पहिलो उद्धारकर्ता तथा सहजकर्ता समुदाय नै हो', उनले भने, 'महानगरपालिकालाई विपद् उत्थानशील सहर बनाउन अन्तरसरकार समन्वय, आपसी ज्ञान र सीपको आदान प्रदान तथा एकीकृत योजना पहिलो सर्त हो । यसका लागि मिलेर काम गरौं ।'

काठमाडौं महानगरपालिकाका उपप्रमुख सुनिता डंगोलले भवन लगायतका संरचना निर्माण गर्दा रैथाने प्रविधिमा जोड दिनुपर्ने बताइन् । उनले भवन निर्माण संहितामा विशेष ध्यान दिनसके भूकम्प लगायतका विपद्बाट बच्न सकिने बताइन् ।

भवन संहिता कार्यान्वयन गर्ने काम सरकारको मात्र नभइ हरेक नागरिकको रहेको उनको भनाइ छ । भवन निर्माण गर्दा इन्जिनियरिङ पाटो पनि छोड्न नहुने र रैथाने सीपलाई पनि निरन्तरता दिनुपर्ने बताइन् ।

**युएईमा रोजगार**

कम्पनी: ZAYHAM TECHNICAL SERVICES  शहर : UAE
पूर्व स्वीकृत मितिः २०८२/१०/०२  चलानी नं.: ६०२५०७३२  LT. No.: 337131

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५८,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Electrician Assistant | 5 | 0 | | 1500 | ५८,८७५ | | | | | | | |
| 3. | Concrete Masons | 1 | 0 | | 1500 | ५८,८७५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ १० गते (24 January 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**MITHILA INTERNATIONAL SERVICE PVT. LTD.**
श्रम इजाजत पत्र नं.: १०२७/०६८/०६९
Tilganga-9, (Near Tilganga Hospital), Gaushala, Kathmandu, Nepal
Mobile : 9851024839 | 9841494792 | 9813990210 | 9813828296
E-mail: anjulayadav@hotmail.com, info@mithilagroup.com, Url: www.mithilaintlgroup.com

# कांग्रेस उतारचढावका चार घुम्ती



**कांग्रेसमा...**
बनेका थिए । २०७९ को निर्वाचनमा सभापति शेरबहादुर देउवासँग संसदीय दलको नेता लडेका थिए । उनी कांग्रेस सभापतिको आधिकारिकता पाउने प्रक्रियामा रहेकै अवस्थामा पुस २७-३० मा भएको विशेष महाधिवेशन वैधानिक नभएको र त्यस्तो महाधिवेशनबाट निर्वाचित नेतृत्व वैध नहुने जिकिरसहित शेरबहादुर देउवा पक्षले निर्वाचन आयोगको ध्यानाकर्षण गराएका थिए । माघ १ गते नव निर्वाचित पदाधिकारीले निर्वाचन आयोगको दल दर्ता ऐन ५१ अनुसार अध्यावधिक गर्न कागजात पेस गरेका थिए । त्यसलगत्तै देउवा समूहले विशेष महाधिवेशन अवैधानिक भएकाले थापाका पक्षमा निर्णय नलिन ध्यानाकर्षण गराएको थियो । शुक्रबार नै पार्टी कार्यालयमा पत्रकार सम्मेलन गरेर तत्कालीन कार्यवाहक सभापति पूर्णबहादुर खड्काले आफ्नै पार्टीको आधिकारिक भएको उद्घोष गर्दै आधिकारिकताका विषयमा निर्वाचन आयोगले अन्यथा निर्णय गरे देशव्यापी आन्दोलन गर्ने चेतावनी दिएका थिए । आगामी फागुन २१ को निर्वाचनलाई मध्यनजर गर्दै आयोगले देउवा नेतृत्वको कांग्रेसलाई नै आधिकारिकता दिनुपर्ने दाबी गरेका थिए ।

**उतारचढाव ...**
विशेष महाधिवेशनले पार्टी विभाजन नगरेको तर नीति र नेतृत्व परिवर्तन गरेकाले सबै नेता कार्यकर्तालाई एकाकार हुन उपसभापति विश्वप्रकाश शर्माले आह्वान गरेका छन् । तर देउवा पक्षले विशेष महाधिवेशनबाट आएको नेतृत्वले पार्टी विभाजनको संकेत गरेको थियो । तर देउवा पक्षले अर्को पार्टी नबनाए पार्टी विभाजन नहुने नेताहरूले बताएका छन् । पार्टी विभाजन गर्ने वा सग्लो राख्ने भन्ने दुवै पक्षका नेताहरूको भूमिकाका निर्भर रहन्छ । यद्यपि पार्टी सग्लो अवस्थामा भने छैन । यसपटक विभाजन भए कांग्रेस चौथो फुटको सिकार बन्नेछ । १५औं आवधिक महाधिवेशनकै विषयलाई लिएर आ-आफ्ना एजेन्डामा नेताहरू सटमस नहुँदाको परिणाम पार्टी विभाजनसम्मको अवस्थामा पुगेको पार्टीको मझधारमा रहेका नेताहरूको दाबी थियो । खासगरी कांग्रेसको तत्कालिन संस्थापन (शेरबहादुर देउवा) पक्षको निरन्तको पेलानलाई थेग्न नसकेर महामन्त्री गगन थापा र विश्वप्रकाश शर्मालगायतका नेताहरूले पार्टीभित्रै विकल्प खोजेका हुन् । गत भदौ २४ को जेजनी आन्दोलनपछि दलहरूमा बढ्दै गएको रूपान्तरण र पुस्तान्तरणको मुद्दा महामन्त्री थापा समूहले संस्थागत गर्दै पार्टी नेतृत्व नै हत्याउने प्रयासलाई एक तहमा सफलता प्राप्त गरेको छ ।

तर विशेष महाधिवेशनमार्फत चयन भएको नयाँ नेतृत्वलाई संस्थापन पक्षले अस्वीकार गरेको छ । विशेष महाधिवेशन नै अवैधानिक भएको दाबीसहित कार्यवाहक सभापति पूर्णबहादुर खड्का, नेता शेखर कोइरालालगायतले निर्वाचन आयोगलाई थपा नेतृत्वको कार्यसमिति अध्यावधिक नगर्न चेतावनी दिएका छन् । नेता खड्काले विशेष महाधिवेशन केन्द्रीय समितिको निर्णयविपरीत गरिएको व्यक्तिगत भेला भएकाले सिंगो नेपाली कांग्रेस शेरबहादुर देउवा नेतृत्वको कार्यसमिति नै भएको दाबी गरे । यता पार्टीको विधानबमोजिम महाधिवेशन प्रतिनिधिहरूले गरेको विशेष महाधिवेशनबाट छनोट भएको नयाँ केन्द्रीय समितिले बिहीबार नै राजनीतिक दलसम्बन्धी ऐनको दफा ५१ अनुसार अध्यावधिक गर्न निर्वाचन आयोगमा निवेदन दिएको छ । शुक्रबार त्यसको काउन्टरमा देउवा पक्षका शीर्ष नेता आयोग पुगेर अवैधानिक विशेष महाधिवेशनबाट चुनाएका अवैधानिक कार्यसमितिलाई अध्यावधिक नगरी देउवा नेतृत्वकै कार्यसमितिलाई आधिकारिकता दिन माग गरे । शुक्रबार दिउँसो नै गगन थापा समूह फेरि निर्वावाचन आयोग पुगेर विशेष महाधिवेशनबाट चयन भएको नेतृत्वलाई आधिकारिकता दिन दबाब बढाएका छन् । आयोगमा भएको छलफलमा विशेष महाधिवेशनबाट निर्वाचित उपसभापति विश्वप्रकाश शर्माले विशेष महाधिवेशनमार्फत निर्वाचित पदाधिकारी नै कांग्रेसको आधिकारिक रहेको दाबी गरे । 'हामीले विशेष महाधिवेशन मागकर्ताहरूले विधानअनुसार नै गरेको हो,' शर्माले भने, 'नियमित महाधिवेशनको तालिका आएपछि विशेष महाधिवेशन खारेज भयो भन्ने तर्क सही भएन ।'

कार्यवाहक सभापति पूर्णबहादुर खड्काले पत्रकार सम्मेलनमा आफूहरूले नेतृत्व गरिरहेको कांग्रेसलाई निर्वाचन आयोगले मान्यता नदिए देशभर आन्दोलन गर्ने चेतावनी दिएका थिए । सो चेतावनीप्रति शर्माले भने, 'पार्टीका केही पूर्वपदाधिकारीसहितका साथीहरूले निर्वाचन आयोगले हाम्रो पक्षमा निर्णय दिएन भने देशभर आन्दोलन गर्छौं भनेर केहीबेर अघि मात्र पत्रकार सम्मेलन गरिएको सुन्यौं । निर्वाचन आयोग यस्ता धम्कीबाट प्रभावित हुँदैन र आफ्नो निष्ठा भुल्दैन भन्नेमा हामी विश्वस्त छौं ।' यो विषयमा यतिबेला निर्वाचन आयोग दोहोरो दबाबमा छ । तर पनि उसले कानुनसम्मत निर्णय गर्ने बताएको छ ।

### यसअघिका विभाजन

**पहिलो**

-कांग्रेस पार्टी स्थापनाको छोटो समयमै २००९ सालमा पहिलोपटक कांग्रेस विभाजित हुन पुगेको थियो । २००७ सालमा प्रजातन्त्र स्थापनापछि २००९ सालमा मातृकाप्रसाद कोइराला र बिपी कोइरालाबीच सरकारलाई लिएर विवाद भएको थियो । त्यसलाई लिएर नै कांग्रेस विभाजित हुन पुगेको थियो । त्यसअघि नै बिपी कोइरालाले २००३ असोज १८ गते संगठित हुन आह्वान गर्नुभन्दा पहिला १९९७ मै राणा शासन अन्त्यका लागि टंकप्रसाद आचार्यको नेतृत्वमा नेपाल प्रजापरिषद् नामक राजनीतिक दल स्थापना भइसकेको थियो । दुई दलबीच एकीकरणपछि राष्ट्रिय कांग्रेस हुँदै नेपाली कांग्रेस स्थापना भएको इतिहास छ ।

**दोस्रो**

-नेपाली कांग्रेस २०५९ सालमा विभाजित भयो । तत्कालीन माओवादीले सञ्चालन गरेको हिंसात्मक आन्दोलनविरुद्ध संकटकाल लगाउने कि नलगाउने भन्ने विवादमा कांग्रेस फुटेको थियो । पार्टी सभापति गिरिजाप्रसाद कोइराला नेतृत्वको केन्द्रीय समितिले संकटकाल थप नगर्ने निर्णयपछि तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले मन्त्रिपरिषद्बाट संकटकाल थप गरेका थिए । पार्टी निर्णयविपरीत संकटकाल थप गरेपछि देउवालाई कांग्रेसको संस्थापन पक्षले अनुशासनको कारबाही गरेको थियो । संस्थापन पक्षको कारबाहीसँगै देउवाले नेपाली कांग्रेस प्रजातान्त्रिक गठन गरेका हुन् । २०६४ असोजमा देउवा नेतृत्वको नेपाली कांग्रेस प्रजातान्त्रिक र नेपाली कांग्रेसबीच पार्टी एकीकरण भएको थियो ।

**तेस्रो**

-नेपाली कांग्रेस पछिल्लोपटक २०७२ भदौ २४ मा विभाजन भएको थियो । हरिबोल भट्टराईको नेतृत्वमा कांग्रेस चोइटिएर नेपाली कांग्रेस (बिपी) बनेको हो । पार्टी प्रजातान्त्रिक प्रणालीअनुसार नचलेको र कांग्रेसभित्र व्यक्तिवादी चरित्र मौलाउँदै गएको आरोपसहित भट्टराईले नेपाली कांग्रेस (बिपी) बनाएर कलश चिह्न लिएर हिँडेका थिए । तर यसका नेताहरू नेपाली कांग्रेसमा फर्किएपछि अहिलेका सभापति सुशीलमान शेरचनले पार्टी रुँगेका छन् । गत पुस दोस्रो साता देउवालाई भेटेका शेरचनले लोकतान्त्रिक शक्ति मिल्नुपर्ने बताएका थिए । सो दल अहिले निष्क्रियजस्तै छ ।

**के थियो...**
बढी चलेको केन्द्रीय समितिको बैठकमा छलफलमै ल्याएनन् । असोज २८ बाट सुरु भएको केन्द्रीय समितिको बैठक सार्दै मंसिर १५ गतेको केन्द्रीय कार्यसमितिले पुस २६-२९ गते नियमित महाधिवेशन गर्ने निर्णय गर्‍यो ।

पुस १६ गते वडा अधिवेशन गरेर गाउँ, नगर, क्षेत्र, जिल्ला, प्रदेश हुँदै केन्द्रीय महाधिवेशनको तालिका सार्वजनीक गरे पनि सोअनुसार अधिवेशन हुन सक्ने समयसीमा नै थिए । त्यो केवल प्रतिनिधि सभाको निर्वाचनअघि नियमित महाधिवेशन वा विशेष महाधिवेशनमार्फत नीतिसहित नेतृत्व परिवर्तनको पक्षमा लागेका नेताहरूको आँखा छल्ने एउटा कार्यान्वयन निर्णय मात्रै थियो । जुन निर्णय महामन्त्री गगन-विश्वसमेतको सहमतिमा भएको थियो । त्यसबेला नै विशेष महाधिवेशन पक्षधर नेताहरूले विशेष महाधिवेशन तुहाउन ल्याइएको कार्यतालिका कार्यान्वयन हुन नसक्ने प्रतिक्रिया दिएका थिए । अन्ततः त्यस्तै भयो ।

पार्टीले पुस १६ मा गर्ने भनिएको वडा अधिवेशन स्थगनको सूचनासमेत जारी गर्न सकेन । एकैचोटि पुसको १८ गते कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिले बैठक बोलाएर विशेष महाधिवेशनको औचित्य मंसिर १५ कै निर्णयबाट समाप्त भएको निष्कर्षसहित २०८३ वैशाख २८, २९, ३० र ३१ गते नियमित महाधिवेशन गर्नेगरी नयाँ कार्यतालिका ल्याएको थियो । सो कार्यतालिकाप्रति महामन्त्री गगन-विश्वसहित पाँच जना नेताहरूले फरक मत जाहेर गर्दै विशेष महाधिवेशनको विकल्प नभएको सन्देश प्रवाह गरे । महामन्त्रीद्वयले देशभरका महाधिवेशन प्रतिनिधिलाई विशेष महाधिवेशनका लागि काठमाडौं केन्द्रित हुन सार्वजनिक आह्वान गरे ।

विशेष महाधिवेशनको अन्तिम तयारी हुँदासम्म संस्थापन पक्षका नेता विशेष महाधिवेशनको पक्षका कोरम नपुग्नेमा ढुक्क थिए । आफ्नो बलबुताले भ्याएसम्म प्रतिनिधि रोक्ने काम भयो । पार्टीले निर्णय नै गरेर विशेष महाधिवेशनको औचित्य समाप्त भएकाले प्रतिनिधि जिल्लाबाट काठमाडौं नआउन आह्वान गरेको थियो ।

त्यहीबेला फागुन २१ मा हुने प्रतिनिधि सभाको समानुपातिक बन्द सूची बुझाउने र माघ ११ मा हुने राष्ट्रिय सभा निर्वाचनमा टिकट वितरणको कार्य चलिरहेकै थियो । समानुपातिक सूचीमा संस्थापन र इतर पक्षका नेता शेखर कोइरालाबीच ६०/४० को भागबन्डा भयो । त्यसमा महामन्त्री गगन थापाले शेखर कोइरालाको भागमा परेका ४० प्रतिशलाई शतप्रतिशत मानेर त्यसको ४० प्रतिशत हुन आउने संख्या लगे । तर विशेष महाधिवेशनको तयारी थालिसकेका कारण राष्ट्रिय सभामा महामन्त्रीलाई भाग लगाइएन ।

राष्ट्रिय सभामा कांग्रेस, एमाले र जसपाले क्रमश नौ, आठ र एक सिटमा भागबन्डा गर्दा कांग्रेसको भागमा परेका नौमध्ये संस्थापन ६ र शेखर कोइराला पक्षलाई तीन सिट विभाजन गरे । त्यसबाट महामन्त्री थाप थप बिच्किएर विशेष महाधिवेशनबाट पुरानो नेतृत्व फालेरै जाने तयारीमा लागे । विशेष महाधिवेशनबाट पार्टी विभाजनमा जाने भन्दै विशेषलाई रोकेर मध्यमार्गी बाटो खोज्न प्रयासरत नेता कोइरालाले अन्तिमसम्म सभापति देउवा र उनका निकटस्थहरूसँग बसेर विभिन्न चरणमा वार्ता गराए पनि दुवै पक्ष सहमतिमा आएनन् ।

तर महामन्त्री थापाले विशेष महाधिवेशनले पार्टी विभाजनतर्फ जाने अवस्था आए आफू विष पिएर पनि फुटलाई रोक्ने बताएका थिए । अर्का महामन्त्री विश्वप्रकाश शर्माले पार्टी विभाजन हुने अवस्थामा पुगे विशेष महाधिवेशनको हलबाट सबैभन्दा पहिला आफू बाहिरिने बताएका थिए । पुस २७ मा भृकुटी मण्डपमा महामन्त्री गगन थापा र विश्वप्रकाश शर्माले संयुक्त रूपमा उद्घाटन गरेको विशेष महाधिवेशनले अन्ततः पुस ३० गते राति पुरानो केन्द्रीय समिति विघटन गर्दै नयाँ नेतृत्व चयन गर्‍यो । विशेष महाधिवेशनमा २ हजार ६ सय ५२ जना महाधिवेशन प्रतिनिधि सहभागी भएको विशेष महाधिवेशनबाट निर्वाचित केन्द्रीय सदस्य एवं पार्टी प्रवक्ता देवराज चालिसेले दाबी गरेका छन् । विशेष महाधिवेशन जारी रहेकै अवस्थामा विशेष महाधिवेशन पक्ष र देउवा पक्षबीच सघन वार्ता चलेको थियो । पुस २८-३० सम्म चलेको द्विपक्षीय वार्तामा सहमति जुट्न नसकेपछि देउवा पक्षले एक कदम अघि बढ्दै महामन्त्रीद्वय थापा र शर्मा तथा सहमहामन्त्री फर्मलल्ला मन्सुरलाई कारबाही गर्‍यो । बैठकको निर्णय सुनाउँदै प्रचार विभाग प्रमुख नेता मीनबहादुर विश्वकर्माले उनीहरूलाई अनुशासनको कारबाही गरिएको बताए । कांग्रेसको विधान २०१७ (संशोधनसहित) को धारा २२ उपधारा २० तथा धारा ३४ को उपधारा (८) को खण्ड (घ) (ङ) बमोजिम कांग्रेसको सदस्यसमेत नरहने गरी कारबाही गरिएको उनको भनाइ थियो ।

नेताहरू माथिको कारबाहीपछि दुवै पक्षले पार्टी विभाजनका रूपमा व्याख्या गर्न नहुने बताएका छन् । उनीहरूले आफूहरू नै आधिकारिक कांग्रेस भएको बताएका बताउँदै आएका छन् । तर हरेकजसो पार्टी विभाजन हुने प्रारम्भिक बिन्दु नै यस्तै किचलो हो । यसअघि सरकार र पार्टीबीचको असमझदारीका कारण कांग्रेसले विभाजन भोगेको थियो । यसपटक आमनिर्वाचनअघि नै पार्टीको नीति र नेतृत्व परिवर्तनसहित नयाँ जोसका साथ जनतामा मत माग्न जाने र यथास्थितिमै आन्तरिक र अन्तरपार्टी समेतको चुनावी एकताका साथ निर्वाचनमा जाने र निर्वाचनपछि मात्रै पार्टीको नेतृत्व फेर्नेबीचको संघर्षले कांग्रेस विभाजन भएको हो । यसअघि २०५९ असार ५ गते शेरबहादुर देउवाले तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालासँग शक्ति संघर्षकै कारण पार्टी विभाजन गरेर नेपाली कांग्रेस प्रजातान्त्रिक गठन गरेका थिए ।

तीन वर्षपछि कांग्रेसमै मिसिएका देउवाले आफ्नो जीवनको उत्तरार्धमा समेत कांग्रेस विभाजन हुनबाट रोक्न सकेनन् । यसमा महामन्त्रीहरूको चाँडै नेतृत्वमा पुग्ने चाहना र सभापति देउवाको हठका कारण पार्टीमा विग्रह उत्पन्न भएको आम विश्लेषण भइरहेको छ । दुईवटा विभाजनमा शेरबहादुर देउवा प्रत्यक्ष जोडिन पुगे । एकपटक उनले अधिकार खोज्दा पार्टी विभाजन गरे भने अहिले उनैले अधिकार नदिँदा विशेष महाधिवेशनले हटाएको छ ।

# सत्यवादी माविको प्रशासन तथा छात्रावास भवन शिलान्यास



**मध्यान्ह संवाददाता**
बझाङ, २ माघ

नेपाल-भारत विकास सहयोग अन्तर्गत बझाङको जयपृथ्वी नगरपालिका-११ भोपुरमा रहेको सत्यवादी माध्यमिक विद्यालयमा नयाँ विद्यालय प्रशासन तथा छात्रावास भवन निर्माणको शिलान्यास गरिएको छ । मानवतावादी राजा जयपृथ्वी बहादुर सिंहद्वारा स्थापना गरिएको ऐतिहासिक विद्यालयमा शुक्रबार भारतीय दूतावास, काठमाडौंका प्रथम सचिव नारायण सिंह र जयपृथ्वी नगरपालिका प्रमुख चेतराज बजालले संयुक्त रूपमा भवनको शिलान्यास गरेका हुन् ।

शिलान्यास कार्यक्रमलाई सम्बोधन गर्दै प्रथम सचिव नारायण सिंहले नेपाल-भारतबीचको सम्बन्ध ऐतिहासिक, गहिरो र सुदृढ रहेको उल्लेख गरे । उनले आगामी दिनहरूमा पनि दुवै देशबीच सहकार्य र साझेदारी अझ सुदृढ बन्दै जाने विश्वास व्यक्त गरे । शिक्षा, स्वास्थ्य र पूर्वाधारजस्ता महत्वपूर्ण क्षेत्रमा भारत सरकारले नेपाललाई निरन्तर सहयोग गर्दै आएको उल्लेख गर्दै यस्ता परियोजनाले स्थानीय समुदायको जीवनस्तर सुधारमा योगदान पुग्ने बताए ।

जयपृथ्वी नगरपालिका प्रमुख चेतराज बजालले स्थानीय सरकार विकास साझेदारीप्रति प्रतिबद्ध रहेको स्पष्ट पारे । उनले सत्यवादी माध्यमिक विद्यालयमा निर्माण हुन लागेका प्रशासन तथा छात्रावास भवनहरू नगरकै ठूला र महत्वपूर्ण परियोजनामध्ये एक रहेको बताउँदै यसले विद्यालयको शैक्षिक वातावरण सुधार हुनुका साथै विद्यार्थीहरूलाई आवासीय सुविधामा सहजता ल्याउने विश्वास व्यक्त गरे । नगरप्रमुख बजालले आगामी दिनमा पनि यस्ता विकास परियोजनाहरू सफलतापूर्वक अघि बढाउन भारतीय दूतावासको थप सहयोग आवश्यक रहेको धारणा राखे ।

कार्यक्रममा विद्यालय परिवारले भारतीय दूतावासका प्रथम सचिव नारायण सिंहलाई स्वागत गर्दै प्राप्त सहयोगप्रति धन्यवाद ज्ञापन गरेको थियो । भ्याटसहित ९ करोड १७ लाख ७ हजार ८ सय ९२ रुपैयाँको लागतमा निर्माण हुन लागेको उक्त भवनको ठेक्का सुर्मा दिपज्योती नुरा जेभी निर्माण कम्पनीले प्राप्त गरेको छ । सम्झौताअनुसार प्रशासन तथा छात्रावास भवन निर्माण कार्य २०८३ साल मंसिर महिनाभित्र सम्पन्न गर्नुपर्नेछ ।


## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त श्री एस.आर.सि. जब प्लेसमेन्ट प्रा.लि.(१५८५/०७९/०८०) मा विभिन्न पदमा कार्यरत निम्न कर्मचारीहरुलाई मिति २०८२/०९/१५ गते देखि यस प्रा.लि.बाट हटाई सकिएको हुँदा निजहरुसंग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि कार्य नगर्न/नगराउन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि कोही कसैले यो सूचना प्रकाशित भएपछि पनि कुनै कार्य गरेमा यस प्रा.लि.को जवाफदेहि नहुने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| क्र.स. | नाम | ठेगाना | पद | नागरिकता नं. |
|---|---|---|---|---|
| १ | रीता तामाङ्ग | दोरम्बा शैलुङ्ग -६, रामेछाप | Managing Director | १४९०५१ |
| १ | शान्ती दर्लामी | कसेनी गा.वि.स. -७, पाल्पा | Documentation | ३९-०१-७१-०१००९ |

S.R.C. Job Placement Pvt. Ltd.
Gov. Lic. No. 1585/079/80
Gongabu-26, KTM. Phone:- 01-5915880, 5916880


# सल्यानमा मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना

**प्रदीप मगर/मध्यान्ह**
सल्यान, २ माघ

आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि सल्यानमा मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ । जिल्ला अदालत सल्यानमा शुक्रबार आयोजित एक कार्यक्रमबीच कार्यालयको उद्घाटन गरिएको हो ।

निर्वाचन आयोगले सल्यान जिल्ला अदालतका न्यायाधीश प्रलाहद योगीलाई मुख्य निर्वाचन अधिकृतको जिम्मेवारी दिएको छ । कार्यालय उद्घाटन गर्दै मुख्य निर्वाचन अधिकृत योगीले निर्वाचन आयोगको निर्देशनअनुसार निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयमुक्त वातावरणमा सम्पन्न गराउन आफू प्रतिबद्ध रहेको बताए । उनले निर्वाचनलाई प्रजातन्त्रको मेरुदण्डका रूपमा उल्लेख गर्दै सफल निर्वाचनका लागि सबै सरोकारवाला पक्षको भूमिका महत्वपूर्ण हुने र सबैबाट सहयोग आवश्यक रहेको धारणा राखे ।

कार्यालय स्थापना भएपछि निर्वाचन कार्यतालिका सार्वजनिक गरी सोही अनुसार निर्वाचनसम्बन्धी सम्पूर्ण काम अगाडि बढाइने जानकारी मुख्य निर्वाचन अधिकृत योगीले दिए ।

उनका अनुसार कार्यालयमा सहायक निर्वाचन अधिकृतसहित ७ जना कर्मचारी खटाइएको छ भने निर्वाचन कार्यालयसँग आवश्यक समन्वय गरी काम गरिनेछ । 'निर्वाचनको विकल्प



भनेकै निर्वाचन हो। यसलाई शान्तिपूर्ण, मर्यादित र सौहार्दपूर्ण वातावरणमा सम्पन्न गर्न मुख्य निर्वाचन अधिकृतको कार्यालय पूर्ण निष्पक्षताका साथ काम गर्नेछ,' उनले भने । उनले निर्वाचन कार्यतालिका अनुसार मनोनयन दर्तादेखि मतदान र मतगणनासम्मका सबै प्रक्रिया पारदर्शी ढंगले अघि बढाइने प्रतिबद्धता समेत व्यक्त गरे ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी महेन्द्र सापकोटा, सुरक्षा निकायका प्रमुखहरू, नेपाल पत्रकार महासंघ सल्यानका अध्यक्ष डिल्लीराज रावतलगायतको उपस्थिति रहेको थियो ।


## कुवेतमा रोजगार

कम्पनी: Al kuwaitya wa alsharq alawsat company for general contracting for building शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/१०/०२ चलानी नं.: ६०२५०७३१ L.T. No.: 337187

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Indoor) | 25 | 25 | स. काममा दक्ष | 85 | ४०,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ १० गते (24 Januray 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Govt. Lic. No.: 821/066/067
Basbari Ward No 3, Kathmandu, Tel.: 01-4956654, 4955978, 9802360330
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158 ISO 9001 : 2015



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७८/०९/२३ मा दर्ता भएको श्री **साक्षी हेल्थ केयर डाइगोनोष्टिक सेन्टर प्रा. लि. (प्रा. लि. नं. २८१४२९)** नामक कम्पनीले दफा १३६ (क) अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



VACANCY ANNOUNCEMENT
One of the reputed recruitment manpower agency is seeking for following applicants.

- Public Relation Office (PRO)- Male Female
- Documentation Officer- Male Female
- Reception- Male Female

Salary Negotiable

**Requirements:**
- Candidate should have knowledge in Computer office package and photoshop.

Attractice salary for the deserving candidate.

Interested candidates with experienced in the related field may apply their application with covering letter, updated CV and recent photograph at mettaint5@gmail.com,info@mettaint.com

Metta International Pvt. Ltd. श्रम इजाजत नं. ५३०/०६१/०६२
सिनामंगल टावर, सिनामंगल चोक, काठमाडौं, फोन: ४११११२६९, ४१११२६७ Fax.: 4112978
Mobile: 9848697395, Email- mettaint5@gmail.com,info@mettaint.com Web.: www.mettaint.com

## पुस्तक समीक्षा

### पत्रकारितामा एआई

# समाचार कक्षमा भित्रिएको रोचक बहस

*सम्भवतः यति व्यवस्थित ढंगले एआईसँग पत्रकारितालाई जोडेर तयार पारिएको अर्को पुस्तक नेपाली भाषामा छैन । उपयोगी सामग्रीले भरिपूर्ण यो पुस्तकले नेपाली समाजमा नयाँ बहसको थालनी गरेको छ ।*



■ सर्मिला न्यौपाने

कल्पना गर्नुहोस्, तपाईं एक व्यस्त समाचार कक्षमा हुनुहुन्छ । हातमा कफीको कप छ । भोलिको लागि तपाईंलाई तत्काल एउटा रोचक समाचार बनाउनुछ । पत्रिकाको डिजाइन हुने बेला भइसक्यो । अचानक तपाईं मोबाइलको स्क्रिनमा एउटा एआई उपकरणलाई आफूले लेखेको समाचार पठाउनुहुन्छ । एआई टुल्स भन्छ- म यो समाचारको तुरुन्तै तथ्य जाँच गर्छु र तपाईंलाई नयाँ कोणबाट पनि सुझाव दिन सक्छु !

यो कुनै विज्ञान चलचित्रको दृश्य होइन । नेपालका समाचार कक्षहरूमा अहिले एआईले प्रवेश गरिरहेको सन्दर्भमा यो एउटा सानो प्रतिनिधिमूलक उदाहरण मात्र हो ।

यसै सन्दर्भमा अजय शर्मा र शिव पुरीद्वारा लिखित 'पत्रकारितामा एआई' नामक पुस्तक प्रकाशनमा आएको छ । यस पुस्तकले पत्रकारिता क्षेत्रमा एआई प्रविधिसँग जोडिएका अनेकौं विषयलाई उजागर गरेको छ । यो नेपाली पत्रकारहरूको लागि एक महत्वपूर्ण पुस्तक र सन्दर्भ सामग्री बनेको छ, किनभने यो युग कृत्रिम बौद्धिकताको युग हो । कृत्रिम बौद्धिकताले पत्रकारिता जगतलाई प्रभावित पार्न थालिसकेको छ ।

यदि तपाईं पत्रकारिता जगतमा प्रविधिको प्रभावलाई बुझ्न चाहनुहुन्छ भने, यो पुस्तक अवश्य पढ्नुस् ।

एआईको तीव्र विकास र पत्रकारितामा यसले खेल्ने भूमिकालाई मध्यनजर गर्दै, एआईलाई अवसर र चुनौतीको रूपमा व्याख्या गर्दै लेखिएको यो पुस्तक आठ भागमा विभाजित छ । 'पत्रकारितामा एआई' पुस्तकले पत्रकारितामा यसको प्रभावका अनेकन पक्षलाई रोचक र खोजमूलक शैलीमा प्रस्तुत गरेको छ ।

पहिलो अध्यायले एआईको इतिहास र विकासको चर्चा गर्छ । भनिन्छ, सन् १९५० को दशकबाटै कृत्रिम बौद्धिकताबारे चर्चा हुन थाल्यो । विद्वानहरूले एआईलाई 'के मान्छेले झैँ सोच्ने मेसिनको विकास सम्भव छ ?' भन्दै बहस थाले । यही क्रममा विकसित प्रविधि अर्थात् एआई आज समाचार कक्षको अभिन्न अंग बन्दै छ । पहिलो अध्यायले यस सन्दर्भलाई पर्याप्त रूपमा चर्चा गरेको छ ।

दोस्रो अध्यायले पत्रकारितामा एआईको आवश्यकता र सम्भावित चुनौतीहरूलाई स्पष्ट रूपमा देखाउने प्रयास गरेको छ । लेखकद्वयको दृष्टिकोण अनुसार, एआई पत्रकारिताको समग्र विकल्प होइन, एक सहयोगी साधक मात्र हो । जसरी विज्ञान चलचित्रहरूमा सुपरहिरोको साथी काममा आउँछ, किनकि विज्ञान चलचित्रमा सुपरहिरोकै भूमिका मुख्य हुन्छ । यस्तै, पत्रकारितामा एआईको भूमिका हुने कुरालाई यस अध्यायमा स्पष्ट पारिएको छ ।




विकसित केही एआई प्रविधिले डाटा विश्लेषण र तथ्य जाँचमा पत्रकारलाई सहयोग पुऱ्याउँदै मिथ्या सूचनाको प्रवाहलाई रोक्न महत्वपूर्ण भूमिका खेल्न सक्नेमा लेखकद्वय विश्वास गर्छन् । विश्वका प्रतिष्ठित मिडिया हाउसहरूमा एआईको प्रयोगका उदाहरण पुस्तकमा समावेश गरिएको छ । आवश्यक र सान्दर्भिक उदाहरणले पुस्तकलाई रोचक बनाएको छ ।

बिबिसी जस्ता समाचार संस्थाहरूले समेत एआईबाट समाचारको प्रारम्भिक मस्यौदा तयार गर्न प्रयोग गर्दै पत्रकारलाई सिर्जनात्मक समाचार बनाउन पनि प्रोत्साहित गराइरहेका छन् । नेपालमा पनि यो प्रविधि सूचनाको क्रान्तिको रूपमा सुरु हुँदैछ । थुप्रै मूलधारका मिडियाले एआईलाई समाचारजन्य सामग्रीको पुनर्संरचना र सम्पादनमा प्रयोग गर्दै आएका छन् । यस सन्दर्भलाई उदाहरणको रूपमा पुस्तकमा समावेश गरिएको छ ।

पुस्तकको सबैभन्दा आकर्षक पक्ष भनेको यसभित्र रहेका व्यावहारिक सुझावहरू हुन् । तपाईं एक रिपोर्टर हुनुहुन्छ र एआईले केही सिर्जनात्मक सूचना दिन्छ, जसले समाचारलाई अझ राम्रो बनाउन सक्छ । तर लेखकद्वय तथ्य जाँच, समाचारको सन्तुलन र मानवीय चेत कायम गर्न पत्रकारलाई यस पुस्तकमार्फत सुझाव दिन्छन् ।

डिजिटल सुरक्षाको सन्दर्भमा पुस्तकले पासवर्ड व्यवस्थापन गर्ने तरिका लगायतलाई पनि सिकाएको छ । प्राविधिक शब्दावलीलाई सरल भाषामा व्याख्या गरिएको छ ।

पुस्तकले एआईसँग जोडिएर पत्रकारिता गर्दा उत्पन्न हुन सक्ने चुनौतीहरू पनि उजागर गरेको छ । एआईमा भर परेर समाचार निर्माण गर्दा मानवीय संवेदनशीलता हराउन सक्छ र समाचार केवल यान्त्रिक बन्न सक्छ । लेखकद्वयले पत्रकारहरूलाई समाचार लेख्दा आफ्नो सिर्जनात्मकता र मौलिकता कायम गर्न सुझाव दिएका छन् ।

नेपालमा एआई प्रविधिमार्फत बनेका नक्कली अडियो र भिडियोहरूले विवाद सिर्जना गरेका उदाहरणसमेत छन् । लेखकद्वयले समाचारसँग अनिवार्य जोडिने दायित्व र नैतिकताको महत्वलाई पुस्तकमार्फत जोड दिएका छन् ।

यदि तपाईं पत्रकार, विद्यार्थी वा प्रविधि प्रयोगमा उत्साही हुनुहुन्छ भने, 'पत्रकारितामा एआई' तपाईंको लागि सहयोगी पुस्तक हो । सम्भवतः यति व्यवस्थित ढङ्गले एआईसँग पत्रकारितालाई जोडेर तयार पारिएको अर्को पुस्तक नेपाली भाषामा छैन । उपयोगी सामग्रीले भरिपूर्ण यो पुस्तकले नेपाली समाजमा नयाँ बहसको थालनी गरेको छ । म लेखकद्वयलाई हार्दिक बधाई र शुभकामना दिन्छु ।

> **बिबिसीजस्ता समाचार संस्थाहरूले समेत एआईबाट समाचारको प्रारम्भिक मस्यौदा तयार गर्न प्रयोग गर्दै पत्रकारलाई सिर्जनात्मक समाचार बनाउन पनि प्रोत्साहित गराइरहेका छन् । नेपालमा पनि यो प्रविधि सूचनाको क्रान्तिका रूपमा सुरु हुँदै छ ।**

बागमती प्रदेश सरकार अन्तर्गत प्रेस रजिस्ट्रार कार्यालयले पत्रकारितासँग सम्बन्धित केही महत्वपूर्ण पुस्तक प्रकाशन गरेको छ । शर्मा र पुरीको यस पुस्तक पनि प्रेस रजिस्ट्रार कार्यालयले प्रकाशन गरेको छ । यस्ता पुस्तक प्रकाशन गर्न आर्थिक सहयोग उपलब्ध गराउन भूमिका खेल्ने प्रेस रजिस्ट्रार रेवतीप्रसाद सापकोटा पनि बधाईका पात्र हुन् ।

यो पुस्तकले नेपाली पत्रकारितालाई आधुनिक, गुणस्तरीय, प्रविधिमैत्री र सुरक्षित बनाउने दिशामा लैजान महत्वपूर्ण भूमिका खेल्न सक्छ । एआईले कलम चलाउँछ तर समाचारलाई सन्तुलनमा लेख्ने तपाईं नै हो । एआई कलम हो, विचार दिने तपाईं पत्रकार नै हो । यस कुरामा लेखकद्वयले पनि जोड दिएका छन् । यो पुस्तक पढेर तपाईंको समाचार निर्माण दृष्टिकोण बदलिन सक्छ; अब तपाईंको पालो- यसलाई पढ्नुहोस् र अनुभव साटासाट गर्नुहोस् ।

## कविता

### हतार भएकाहरू !



दिपक घिमिरे

मेरो प्रिय यार !
एक पटक आफूलाई हेर त,
यो हतारोमा तिम्रो ती पाइला-पाइलाले
कति फड्को एकै पटक मारे,
कति गह्वँगा फड्काहरू एकै चोटि नाघे !
कस्तो हतार हो तिमीलाई ?
दौडने प्रतियोगितामा
स्वाँ-स्वाँ हुने गरी दगुरेर
प्रथम भएपछि पुरस्कार लिनु अघि नै
मरिहाल्छु कि भनेर
बिस्तारै सास फेर्ने बानी तिम्रो
आज किन यति हतार ?

थाहा छ-
हतारमा छुटेकाहरू
फुर्सदमा फर्कन चाहेर पनि
फर्कन सक्दैनन्
साथै राख्न मन भएकाहरूलाई
हातबाट छुटिसकेपछि
समात्न सकिँदैन
एक पटक विवाह भइसकेकी स्त्री
पुरानै प्रेमीसँग
फर्केर आउन सक्दिनन्
एक पटक दुखाइदिएको मनलाई
जति मलहम-पट्टी लगाए पनि
ठिक पार्न सकिँदैन
निद्रामा मस्त मान्छेलाई
ब्युँताइदिएपछि
ऊ फेरि निदाउन सक्दैन
सातै जुनी सँगै काट्ने
वचन दिएकाहरू
एकै जुनीमा छोडेर गइसकेपछि
सात जुनीको साथ हुँदैन

आँखामा राखेर सपना देखाउनेहरूको
आँखाबाट आँसु बनेर बगेपछि
फेरि त्यही आँखामा बस्न सकिँदैन
तिमीलाई चिनेका आँखाहरूबाट
जुन दिन अञ्जान हुनेछौं,
त्यसपछि कहिल्यै
चिनजान हुँदैन
मलामी भएर गएकाहरू
म छुटेपछि
फेरि मलामी भएर
फर्कन सक्दैनन्
यो हतारको यात्रालाई
यतै कतै
बिसाउन मिल्दैन ?
मिल्छ भने
एक पटक बिसाऊ ।

तर याद गर-
बिसाउँदा
पैतालाले धुलो नटेकुन्,
किनकि
पैतालाले टेकेका धुलाहरू
फेरि पैताला
बन्न सक्दैनन् ।

## कथा

# किनार बाहिरको मौन



■ रञ्जना बास्ताकोटी

उसले बिहानै इमेल खोल्यो । सिर्फ एक लाइन थियो- आज मौसम सफा छ, तिमीलाई आकाश देख्न मन छ ?

उसले तुरुन्त उत्तर लेखेन । कफी बनायो । झ्याल खोलेर बाहिर हेऱ्यो । सहर अझै ब्युँझिसकेको थिएन । त्यो मौनता उसलाई खुब मन पर्‍यो । मौनले प्रश्न गर्दैन, जवाफ पनि माग्दैन ।

केही बेरपछि उसले लेख्यो- आकाश होइन, आज मलाई खाली ठाउँ चाहिएको छ ।

उत्तर आयो- ठीक छ । खाली ठाउँमै भेटौँ ।

अनिता पाँच वर्षपछि काठमाडौं फर्केकी थिई । जापानको व्यस्त जीवन, समयको कडाइ, सम्बन्धको गणित- सबैबाट थाकेर । उसको विवाह अझै कागजमै थियो । पति टोकियोमै थियो र सम्बन्ध भिडियो कलमा सीमित । उसँग खालीपन चाहिँ पर्याप्त थियो ।

समीर भने यतै थियो । पत्रकार । तर समाचारभन्दा बढी उसलाई मान्छेका मौनता रुच्थे । ऊ प्रश्न सोध्थ्यो, तर जवाफ टिप्थेन । सुन्ने मान्छे कम थिए, समीर त्यही कममध्ये एक थियो ।

दिउँसो तीन बजे उनीहरू भेटिए- नगरको छेउमा रहेको पुरानो पुलमुनि । नदी ठूलो थिएन । तर बगेको आवाज पर्याप्त थियो ।

अनिताले भनिन्- तिमीले खाली ठाउँ भनेको के हो बुझ्यौ ?

समीर हाँसेर भन्यो- जहाँ कसैले 'किन' सोध्दैन ।

दुवै नदी किनारै किनार हिँडे । हावाले पानीमा स-साना तरङ्ग बनाइरहेको थियो । तर ती तरङ्ग कतै ठोक्किँदैनथे । बन्थे र हराउँथे ।

अनिताले अचानक सोधिन- तिमी खुसी छौ ?

समीरले केही बेर ढुंगातिर हेऱ्यो । ढुंगा स्थिर थियो । पानी चलायमान ।

'खुसी स्थिर हुँदैन,' उसले भन्यो, 'म त अहिले सन्तुलनमा छु ।'

अनिताले टाउको हल्लाइन् । उनले सन्तुलन खोजिरहेकी थिइन् । उनी बीचमै कतै अड्किएकी थिइन् ।

साँझ पर्न थालेको थियो । पुलमाथि बत्ती बल्यो । छायाँहरू लामो भए ।

'आज यत्तिकै बसौं न,' अनिताले भनिन्, 'कतै पुग्नै नपर्ने गरी ।'

समीरले घडी हेऱ्यो । उसलाई भोलि बिहानै अफिस जानु थियो । समाचार लेख्नु थियो- अरूको कथा ।

उसले घडी खल्तीमा हाल्यो । 'आज समाचार बिना पनि संसार चल्ला ?' उसले भन्यो ।

रात पऱ्यो । उनीहरू नजिकैको सानो होमस्टेमा बसे । कोठा साधारण थियो । झ्यालबाट नदीको आवाज सुनिन्थ्यो । अनिताले ऐनामा आफूलाई हेरिन । अनुहारमा थकान थियो । तर आँखामा हल्का उज्यालो ।

समीर ओछ्यानको छेउमा बसेको थियो । दुवै मौन थिए । तर मौन भारी थिएन ।

अनिताले बिस्तारै भनिन्- के हामी गलत गर्दैछौं ?

समीरले उत्तर दिएन । उसले बत्ती निभायो । अँध्यारोमा उसले भन्यो- केही कुरा सही-गलतभन्दा बाहिर हुन्छन् ।

बिहान उज्यालो भयो । नदी उस्तै बगिरहेको थियो । तर रातको मौनता त्यहाँ थिएन ।

अनिता झ्यालछेउ उभिएर सोचिरहेकी थिई- फर्कने दिन नजिकिँदै थियो । जापान, समय, जिम्मेवारी ।

समीर मोबाइल खोल्दै थियो । सम्पादकको मेसेज आयो- आजको स्टोरी के हो ?

उसले केही बेर टाइप गऱ्यो । मेटायो । फेरि लेख्यो- आज म रिपोर्टिङमा छैन ।

मोबाइल बन्द गऱ्यो । अनिता झ्यालतिरै हेर्दै भनिन्- के यो क्षण पूरा भयो ?

समीर मुस्कुरायो । 'केही क्षण पूरा हुँदैनन्,' उसले भन्यो, 'तिनले हामीलाई पूरा बनाउँछन् ।'

अनिता केही बोलिनन् । उनले झोला उठाइन् । ढोका बन्द हुँदा कोठा फेरि खाली भयो । तर, खालीपन यसपटक डरलाग्दो थिएन । समीर एक्लै बसेर सोच्दै थियो- आज साँझ घर फर्कँदा ऊ उस्तै रहनेछ, तर भित्र कतै नदी बगिरहनेछ ।

> दिउँसो तीन बजे उनीहरू भेटिए- नगरको छेउमा रहेको पुरानो पुलमुनि । नदी ठुलो थिएन । तर बगेको आवाज पर्याप्त थियो । अनिताले भनिन्- तिमीले खाली ठाउँ भनेको के हो बुझ्यौ ? समीर हाँसेर भन्यो- जहाँ कसैले 'किन' सोध्दैन ।

## मुक्तक

### चार मुक्तक



*कमला घिमिरे अधिकारी*

१
ढकमक्क फूलले पनि झर्नै पर्छ हजुर
जस्तोसुकै जँघार पनि तर्नै पर्छ हजुर
दुःख, कष्ट सामना गर्ने साहस बटुल्दै जानु,
आलिसानमा बस्नेले पनि मर्नै पर्छ हजुर ।

२
केही पाठ सिकाउँछ उकालीले, केही ओरालीले यहाँ
भरिएकोले भन्दा धेरै सिक्न सकिन्छ रे खालीले यहाँ
जब आफूभित्रको वास्तविकता आफैं थाहा पाइन्छ नि,
न त प्रशंसाले मक्ख पार्छ, न दुःखी बनाउँछ गालीले यहाँ ।

३
कठिन प्रश्नका हुन सक्छन् हजुर व्यक्तिको विज्ञताभित्र
र पनि चुपचाप हराइदिन सक्छन् रे दिमागकै शून्यताभित्र
स्पष्ट पार्न खोज्दैनन् र डगमगाउन पनि दिँदैनन् रे आफूलाई,
बुझ्न सक्नेले नै अनेकन् जवाफ भेट्लान् त्यही मौनताभित्र ।

४
हरेक संस्कृति र मौलिकता लुकेको चित्रको मिठास
लोलो पोतो घस्न नजानेको खरो चरित्रको मिठास
सानो-सानो कुरामा अल्झेकाले कसरी मूल्यांकन गर्छ र,
बुझ्नेलाई मात्र त थाहा हुन्छ हजुर मौनताभित्रको मिठास ।

# सामान्य परिवारबाट उठेर कांग्रेस केन्द्रीय सदस्य बने भुसाल

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २ माघ

सामान्य परिवारमा जन्मिएका नेपाली कांग्रेसका नेता कमलप्रसाद भुसाल नेपाली कांग्रेसको विशेष महाधिवेशनबाट केन्द्रीय सदस्यमा निर्वाचित भएका छन्। कांग्रेस कार्यकर्तामाझ लोकप्रिय र स्थापित नेताका रूपमा परिचित भुसाल अर्घाखाँची जिल्लाबाट लामो समयदेखि सक्रिय राजनीतिमा संलग्न रहँदै आएका थिए। सन्धिखर्क नगरपालिका-२ कुरको एक सामान्य परिवारमा जन्मिएका भुसाल नेपाली कांग्रेस अर्घाखाँचीका पूर्वजिल्ला सभापति समेत रहेका छन्।



साथै उनी नेपाल तरुणदलका पूर्वकेन्द्रीय उपाध्यक्षसमेत रहँदै पश्चिम क्षेत्रको संगठनात्मक कमान्ड सम्हालेका थिए।

पार्टी संगठनप्रति निष्ठावान सिपाहीका रूपमा सक्रिय रहेका भुसाल १२औं महाधिवेशनमा अर्घाखाँची कांग्रेसको सभापतिमा निर्वाचित भएका थिए।

जनआन्दोलनका हरेक चरणमा सक्रिय भूमिका निर्वाह गर्नुभएका भुसाल आन्दोलनका क्रममा जेलनेलसमेत भोग्नुभएका अनुभवी नेता हुन्। कांग्रेसको १३औं महाधिवेशनमा केन्द्रीय सदस्यका लागि तयारी गरे पनि सहमतिको नाममा उम्मेदवारी नदिएको र १४औं महाधिवेशनमा समेत उम्मेदवारी नदिएको उनी निकट स्रोतले जनाएको छ।

भुसाल सन्धिखर्क नगरपालिकाका संस्थापक नगरप्रमुखका रूपमा निर्वाचित भएका थिए। २०७९ सालको निर्वाचनमा प्रदेश सभा सदस्यका लागि उम्मेदवार बने पनि थोरै मतले पराजित भएका थिए।

२०३३ सालमा नेपाल विद्यार्थी संघबाट राजनीति यात्रा सुरु गर्नुभएका भुसालले अर्घाखाँची जिल्लाका सबै वडामा संगठन विस्तार गर्दै कांग्रेसका विभिन्न विभागमा रहेर काम गर्दै आएका छन्।

विशेष महाधिवेशनबाट केन्द्रीय सदस्यमा निर्वाचित भएपछि कार्यकर्ताहरूले यसलाई संगठनप्रतिको लामो योगदानको कदरका रूपमा लिएका छन्।

# सुदूरपश्चिमका पाँच जिल्लामा निर्वाचन प्रहरीका लागि मागभन्दा कम आवेदन

**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, २ माघ



आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि सुदूरपश्चिम प्रदेशका पाँच जिल्लामा निर्वाचन सुरक्षाका लागि आवश्यक 'निर्वाचन प्रहरी'का लागि मागभन्दा कम दरखास्त परेका छन्।

बिहीबार प्रहरीले सार्वजनिक गरेको तालिकाअनुसार बझाङ, डोटी, अछाम, डडेलधुरा र बैतडी जिल्लामा माग भन्दा कम दरखास्त परेका हुन्।

बझाङ जिल्लामा १ हजार ४ सय ८४ जनाका लागि दरखास्त आह्वान गरिएकोमा हालसम्म १ हजार ४ सय ४६ जनाले आवेदन दिएका छन्। यहाँ मागभन्दा ३८ जनाको कम आवेदन परेको हो। यस्तै, डोटी जिल्लामा १ हजार ४० जनाका लागि दरखास्त आह्वान गरिएकोमा ९ सय ५० जनाले मात्रै आवेदन दिएका छन्। मागभन्दा ९० जनाको कम आवेदन परेको जिल्ला प्रहरी कार्यालय डोटीले जनाएको छ।

अछाम जिल्लामा १ हजार ४ सय ६३ जनाका लागि दरखास्त खुलाइएकोमा १ हजार २ सय ८७ जनाले आवेदन दिएका छन्। यहाँ १ सय ७६ जनाको कम आवेदन परेको हो। डडेलधुरा जिल्लामा ९ सय ४४ जनाका लागि दरखास्त आह्वान गरिएकोमा ८ सय ७ जनाले मात्र दरखास्त पेस गरेका छन्। जसमा १ सय ८७ जनाको कम आवेदन परेको हो।

यस्तै, बैतडी जिल्लामा १ हजार २ सय ७९ जनाका लागि दरखास्त आह्वान गरिएकोमा १ हजार २० जनाको आवेदन परेको छ। यहाँ मागभन्दा २ सय ५९ जनाको कम आवेदन परेको हो। मागभन्दा कम दरखास्त परेका जिल्लाहरूमा शुक्रबार र शनिबार गरी आवेदन दिने समय थप गरिएको जिल्ला प्रहरी कार्यालय बझाङका डीएसपी खगेन्द्र धमलाले जानकारी दिए।

सुदूरपश्चिमका चार जिल्लामा भने मागभन्दा बढी दरखास्त परेका छन्। कैलाली, कञ्चनपुर, बाजुरा र दार्चुला जिल्लामा आह्वान गरिएको संख्याभन्दा बढी आवेदन परेको हो। कैलाली जिल्लामा ३ हजार ५ सय ७६ जनाका लागि दरखास्त आह्वान गरिएकोमा ५ हजार १ सय ५१ जनाले आवेदन दिएका छन्। यहाँ १ हजार ५ सय ७५ जनाको बढी आवेदन परेको छ। कञ्चनपुर जिल्लामा २ हजार ३५ जनाका लागि दरखास्त खोलिएकोमा २ हजार ९ सय ६ जनाले आवेदन दिएका छन्। यहाँ ८ सय ७१ बढी आवदेन परेको छ। बाजुरा जिल्लामा ९ सय ६४ जनाका लागि दरखास्त आह्वान गरिएकोमा १ हजार ८५ जनाले आवेदन दिएका छन्। यहाँ १ सय २१ दरखास्त बढी परेका छन्। यस्तै, दार्चुला जिल्लामा ८ सय ८४ जनाका लागि दरखास्त खोलिएकोमा १ हजार ५ सय ४१ जनाले आवेदन दिएका छन्, जसमा ६ सय ५७ बढी छन्। सुदूरपश्चिम प्रदेशभर १३ हजार ६ सय ६९ जनाका लागि दरखास्त आह्वान गरिएकोमा हालसम्म १६ हजार १ सय ९३ जनाले आवेदन दिएका छन्। दरखास्त दिने म्याद पुस २५ गतेदेखि माघ १ गतेसम्म तोकिएको थियो।

# ललितपुरका तीनै निर्वाचन क्षेत्रमा निर्वाचन अधिकृतको कार्यालय स्थापना

**रामहरि कार्की/मध्यान्ह**
ललितपुर, २ माघ

आगामी २१ फागुनमा हुने प्रतिनिधि सभा सदस्य निर्वाचनलाई लक्षित गर्दै शुक्रबार ललितपुर जिल्लाका तीनै निर्वाचन क्षेत्रमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ।

कार्यालय स्थापना भएसँगै जिल्लामा औपचारिक रूपमा निर्वाचनसम्बन्धी गतिविधि सुरु भएका छन् भने चुनावी सरगर्मी पनि बढ्न थालेको छ।

तीन निर्वाचन क्षेत्र रहेको ललितपुरमा निर्वाचन क्षेत्र नम्बर ३ का लागि मुख्य निर्वाचन अधिकृतको कार्यालय जाउलाखेलस्थित स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको भवनमा सञ्चालनमा ल्याइएको छ। निर्वाचन क्षेत्र नम्बर २ का लागि सातदोबाटोस्थित नेपाल ओलम्पिक कमिटीको भवनमा तथा निर्वाचन क्षेत्र नम्बर १ का लागि चापागाउँस्थित गोदावरी नगरपालिकाको भवनमा निर्वाचन अधिकृतको कार्यालय



स्थापना गरिएको हो।

निर्वाचन क्षेत्र नम्बर ३ को मुख्य निर्वाचन अधिकृतको जिम्मेवारी ललितपुर जिल्ला अदालतका जिल्ला न्यायाधीश पुनाराम खनालले सम्हालेका छन्। त्यस्तै निर्वाचन क्षेत्र नम्बर २ का निर्वाचन अधिकृतमा सर्वोच्च अदालतका उपरजिष्ट्रार सम्झना सिम्खडा पुडासैनी नियुक्त भएकी छन् भने निर्वाचन क्षेत्र नम्बर १ का निर्वाचन अधिकृतको जिम्मेवारी सर्वोच्च अदालतकै उपरजिष्ट्रार इशा सुवेदीले सम्हालेकी छन्।

मुख्य निर्वाचन अधिकृत पुनाराम खनालले निर्वाचन प्रक्रिया शान्त, निष्पक्ष, स्वतन्त्र, सभ्य र सहज रूपमा सम्पन्न गराउने उद्देश्यले निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको जानकारी दिए। उनले निर्वाचन आयोग नेपालको मातहतमा स्थापना गरिएको यी कार्यालयहरूबाट निर्वाचनसँग सम्बन्धित सम्पूर्ण गतिविधि सञ्चालन गरिने बताए। कार्यालय स्थापना भएसँगै निर्वाचनसम्बन्धी प्रारम्भिक कामकारबाही सुरु भइसकेको मुख्य निर्वाचन अधिकृत खनालले जानकारी दिए। उनका अनुसार आगामी दिनहरूमा उम्मेदवार मनोनयन, नाम दर्ता, चुनावी प्रचार-प्रसारको व्यवस्थापन, आचारसंहिता कार्यान्वयन, उजुरी तथा गुनासोको सुनुवाइ र व्यवस्थापन, सुरक्षासम्बन्धी समन्वयलगायत निर्वाचनसँग सम्बन्धित सम्पूर्ण कार्यहरू यही कार्यालयमार्फत अघि बढाइनेछ। कार्यालय उद्घाटन तथा निरीक्षणका क्रममा प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराई, ललितपुर प्रहरी प्रमुख होबिन्द्र बोगटी, सशस्त्र प्रहरी बलका जिल्ला प्रमुख राजेश लामिछाने, जिल्ला निर्वाचन कार्यालयका प्रमुख गोमा धमलालगायत सरोकारवाला निकायका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

निर्वाचन अधिकृतको कार्यालय स्थापना भएसँगै ललितपुर जिल्लामा निर्वाचनको तयारीले तीव्रता पाउने अपेक्षा गरिएको छ भने सरोकारवाला निकायबीच समन्वय र सहकार्यका आधारमा निर्वाचनलाई मर्यादित र विश्वसनीय बनाउन पहल गरिने बताइएको छ।

# कतारमा ३१ जना नेपालीले गरे रक्तदान

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, २ माघ

लुम्बिनी प्रदेश समन्वय परिषद्, कतार र मातहतका जिल्ला संस्थाहरूको आयोजनामा दोस्रो बृहत् रक्तदान कार्यक्रम सम्पन्न भएको छ।

परिषद् स्थापनाको आठौं वार्षिकोत्सवको अवसरमा नेपाली रक्तदाता संघ, कतारसँगको समन्वयमा आयोजित कार्यक्रममा ३१ जनाले रक्तदान गरेका छन्।

शुक्रबार बिहान ८ बजेदेखि सुरु भएको कार्यक्रम मध्यान्हसम्म चलेको थियो। रगत अभावका कारण प्रवासमा कसैले ज्यान गुमाउन नपरोस् भन्ने हेतुले रक्तदान कार्यक्रमको आयोजना गरिएको परिषद्का अध्यक्ष साजन लौडारीले बताए।



रक्तदाताहरूलाई समाजले सम्मान पत्रले सम्मान गरेको थियो। रक्तदान जस्तो पुण्यको कार्यमा उल्लेख्य उपस्थित जनाउनु हुने तथा दाताहरूलाई आयोजकले धन्यवाद ज्ञापन गरेको छ। कार्यक्रममा कतारमा स्थापित विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरूसहित सयौं नेपालीहरूको उपस्थिति रहेको थियो।

# गौरमा अत्याधुनिक कृषि तथा पशु सेवा केन्द्र र कोल्ड स्टोर स्थापना



**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, २ माघ

रौतहटको गौरमा अत्याधुनिक कृषि तथा पशु सेवा केन्द्र र २२५ मेट्रिक टन क्षमताको कोल्ड स्टोर स्थापना गरी सञ्चालनमा ल्याइएको छ। शुक्रबार आयोजित एक भव्य समारोहबीच संघीय कृषि तथा पशुपक्षी विकास मन्त्री माननीय डा.मदन परियार र गौर नगरपालिकाका नगर प्रमुख शम्भु साहले संयुक्त रूपमा कृषि तथा पशु सेवा केन्द्रको भवन र कोल्ड स्टोरको उद्घाटन गरेका हुन्।

गौर नगरपालिका वडा नम्बर १ स्थित तरकारी बजारमा निर्माण गरिएको कृषि तथा पशु सेवा केन्द्र र वडा नम्बर २ मा निर्माण सम्पन्न कोल्ड स्टोरले रौतहट जिल्लाभरिका किसानहरूलाई प्रत्यक्ष लाभ पुग्ने अपेक्षा गरिएको छ। उद्घाटन समारोहलाई सम्बोधन गर्दै मन्त्री डा.मदन परियारले कृषि प्रधान देशमा किसानलाई प्रविधिसँग जोड्न यस्ता सेवा केन्द्रहरू अत्यन्त महत्वपूर्ण हुने बताए।

उनले अब रौतहटका किसानहरूले माटो परीक्षण, बिउ-बिजन परीक्षण वा पशुको जटिल उपचारका लागि अन्य जिल्ला वा राजधानी धाउनुपर्ने बाध्यता हट्ने उल्लेख गरे। स्थानीय स्तरमै आधुनिक प्रविधि र विशेषज्ञ सेवा उपलब्ध गराएर कृषि क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउने विश्वास उनले व्यक्त गरे।

नगर प्रमुख शम्भु साहले गौर नगरपालिकालाई कृषिमा आत्मनिर्भर बनाउने र किसानको आम्दानी वृद्धि गर्ने उद्देश्यका साथ यी परियोजना अघि बढाइएको जानकारी दिए। उनले २०८१ साल साउन ३२ गते शिलान्यास गरिएको भवन निर्धारित समयमै निर्माण सम्पन्न गरी किसानलाई हस्तान्तरण गर्न पाउँदा गर्व महसुस भएको बताए।

**साउदीमा रोजगार**
कम्पनी: THE ARAB CONSTRUCTION AND BUILDING COMPANY-ONE PERSON COMPANY शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०८२/१०/०२ चलानी नं.: ६०२५०६७० L.T. No.:337036

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load unload Worker | 5 | 0 | स. काममा दक्ष | 1000 | ३८,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ १० गते (24 January 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामका लागि विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

S. P. M. OVERSEAS PVT. LTD.
Gov. Lic No. 817/066/067
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal, Tel: 4587837,4589795
Kathmandu Contact No : 984-2151398 / 981-3127393 / 9706534871, Email: Spmoverseas@gmail.com, Web.: www.spmoverseas.com

**यूएईमा रोजगार**
कम्पनी: Almuthalath Alsharqi Security Guard Services-Sole Proprietorship L.L.C. शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०८/१० चलानी नं.: ६०२२८६४९ LT. No.:314263 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 41 | 14 | स. काममा दक्ष | 2000 | ७८,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ १० गते (24 January 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामका लागि विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SKILLS GROUP H.R. RECRUITMENT PVT.LTD
Govt Lic. No. 1686/080/081
P.O. Box: 8233, Basundhara-03, Kathmandu, Nepal
Tel: 01-5920160 | Email: info@skillgrouphr.com.np

**युएईमा रोजगार**
कम्पनी: GCS GERMAN CONCRETE WORKS AND BUILDING CONTRACTING LLC DUBAI BRANCH शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८२/०४/२७ चलानी नं.: ६०२४२८१७ LT. No.: 328961 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 18 | 0 | स. काममा दक्ष | 1000 | ३५,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ १० गते (24 January 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामका लागि विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

रोयल ओभरसिज नेपाल प्रा. लि.
ROYAL OVERSEAS NEPAL
श्रम इजाजत नं. १६६/०५६/०५७ लाजिम्पाट काठमाण्डौं फोन नं.:-०१-४५२११५६/४५३२२४४, फ्याक्स नं.: ०१-४५३००३३

**साउदीमा रोजगार**
कम्पनी: YAFA INTERNATIONAL COMPANY शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/०९/३० चलानी नं.: ६०२५०६६४ LT. No.:337151

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Chemist | 1 | 0 | स. काममा दक्ष | 5000 | १,९२,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ १० गते (24 January 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु.२१०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामका लागि विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

D.G. OVERSEAS PVT. LTD.
DG OVERSEAS
श्रम इजाजत नं. १७१९/०८१/०८२
रातोपुल, काठमाडौं, नेपाल, फोन: ०१-४५३४०६२/४५३४०६३ Email- dgoverseaspvtltd@gmail.com

पूर्वाधार विकास कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

**पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश**

- सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रुख विरुवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादी निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकाको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरुले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ-बाँयामा क्षति हुनेकुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाईं हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवास निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिस्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधीकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुल, पुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिम रहित पूर्वाधार सेवा प्राप्ती नागरीक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
गो.हु.का.द.नं. ३३/०६९/०७०
३ माघ २०८२ शनिबार
17 January 2026 Saturday

# 'निफ'मा ४० देशका ८८ चलचित्र प्रदर्शन गरिने




**काठमाडौं/मस–** नेपाल चलचित्र तथा सांस्कृतिक प्रतिष्ठानले नेपाली चलचित्रलाई विश्वबजारसँग जोड्ने उद्देश्यले आयोजना गर्दै आएको 'नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव' (निफ)को नवौं संस्करण आगामी चैत १९ देखि २३ गतेसम्म हुने भएको छ।

यस संस्करणमा दर्शकले पाँच दिनभित्र ४० देशका ८८ चलचित्र हेर्न पाउने महोत्सवका अध्यक्ष केपी पाठकले जानकारी दिए। चलचित्रकर्मीहरूसँग अन्तरक्रिया, युवा पुस्ता र एआई (कृत्रिम बुद्धिमत्ता) चलचित्रलाई प्राथमिकतासहित आयोजना हुने उक्त महोत्सव 'विश्वभरका कथाहरूको उत्सव' भन्ने नारा राखिएको अध्यक्ष पाठकले बताए।

उनले भने, 'हामीले योपटक युवापुस्ता केन्द्रित चलचित्रलाई प्राथमिकता दिएका छौं। निफलाई युवामैत्री बनाउने हाम्रो प्रयास हो, युवा मेकरहरूलाई प्रोत्साहन गर्न हामीले एआई चलचित्र निर्माण कार्यशाला लगायतका सत्र राखेका छौं। युवा दर्शकमा आशा जगाउने हाम्रो मुख्य प्रयास रहनेछ।'

अध्यक्ष पाठकका अनुसार कान्स, बर्लिन, भेनिस, ट्राइबेका, संघाइ, लोकार्नो, बुसान र गोवा जस्ता विश्व प्रसिद्ध अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा पुरस्कृत चलचित्र, छोटा चलचित्र, वृतचित्र यसपटक महोत्सवको मुख्य आकर्षण हुन्। महोत्सवमा अन्तर ाष्ट्रिय प्रतिस्पर्धाअन्तर्गत सर्वोत्कृष्ट हुने चलचित्रलाई एक हजार ५०० अमेरिकी डलर राशिसहित 'गौतम बुद्ध अवार्ड' प्रदान गरिनेछ। राष्ट्रिय तथा अन्तर्राष्ट्रियबाट कुनै एक चलचित्रलाई 'अन्तर्राष्ट्रिय चलचित्र समाज महासंघ'को तर्फबाट 'डन कि होते' शीर्षकमा पुरस्कार प्रदान गरिनेछ।

नेपाली प्रतिस्पर्धाअन्तर्गत उत्कृष्ट चलचित्रलाई एक लाख रुपैयाँ र ट्रफी, उत्कृष्ट छोटो चलचित्र र उत्कृष्ट वृत्तचित्रलाई ५०/५० हजार रुपैयाँ र ट्रफी प्रदान गरिनेछ। महोत्सवमा सर्वोत्कृष्ट अन्तर्राष्ट्रिय वृत्तचित्रलाई एक हजार डलर राशिको 'माउन्ट एभरेस्ट अवार्ड' र सर्वोत्कृष्ट अन्तर्राष्ट्रिय लघु चलचित्रलाई पाँच सय डलरको 'बागमती अवार्ड' प्रदान गरिनेछ। एआई प्रविधिको चलचित्रलाई पाँच सय अमेरिकी डलरको 'मञ्जुश्री अवार्ड' प्रदान गरिने आयोजकले जनाएको छ।

# 'द ब्लु लाइट'को ट्रेलरमा प्रेमदेखि बदलासम्मको यात्राको कथा

मनोवैज्ञानिक थ्रिलर चलचित्र 'द ब्लु लाइट'को ट्रेलर सार्वजनिक गरिएको छ। निर्माण टिमले शुक्रबार ललितपुरको लबिम मलमा आयोजना गरिएको कार्यक्रममा ट्रेलर सार्वजनिक गरेको हो।

सार्वजनिक ट्रेलरले प्रेम, आकर्षण, विश्वासघात र त्यसबाट जन्मिने बदलाको कथा प्रस्तुत गर्छ। सुरुमा रोमान्टिक सम्बन्ध देखाइए पनि क्रमशः धोका, मानसिक तनाव र त्यसले सिर्जना गर्ने जटिल परिस्थितिहरू ट्रेलरमा प्रभावकारी रूपमा उतारिएको छ। प्रेम असफल हुँदा उत्पन्न हुने मनोवैज्ञानिक द्वन्द्व ट्रेलरको मुख्य केन्द्रमा देखिन्छ।

चलचित्रको मूल कथा अझै खुलाइएको छैन। तर दर्शकमा जिज्ञासा पैदा गर्ने हिसाबले ट्रेलरले सस्पेन्स कायम राख्न सफल देखिन्छ। भिजुअल टोन, कलर प्यालेट र सिनेमाटोग्राफीले चलचित्रको साइकोलोजिकल थ्रिलर स्वरूपलाई बलियो बनाउन प्रयास गरेको छ।

ट्रेलरमा चलचित्रका अधिकांश कलाकारको झलक देख्न सकिन्छ। बेनिशा हमाल, अर्पण थापा, आयुशमान देशराज जोशी, सृष्टि श्रेष्ठ, महेश त्रिपाठी र सुरक्षा इटानी मुख्य भूमिकामा छन्। बाल कलाकारका रूपमा ग्रिस्मा कटुवाल र सहारा शर्मा देखिनेछन्।

माघ १६ गतेदेखि प्रदर्शनमा आउन लागेको यो चलचित्रलाई बलिराम चौहानले निर्देशन गरेका हुन्। 'द ब्लु लाइट' उनको निर्देशनमा पहिलो चलचित्र हो।

स्काइफल पिक्चर्सको प्रस्तुति रहेको चलचित्रका सह-निर्मातामा भोलानाथ कटुवाल र रमन ग्रे छन् भने कार्यकारी निर्माताको जिम्मेवारी छायाकार नरेन्द्र मैनाली र नायिका बेनिशा हमालले सम्हालेका छन्।

चलचित्रको छायांकन नरेन्द्र मैनालीले गरेका हुन्। आकाश उखेडा मुख्य सहायक निर्देशक, रेलिजा श्रेष्ठ प्रोडक्सन डिजाइनर र दिलीप पन्त निर्माण नियन्त्रक रहेका छन्।



## रास्कोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
आर.सि.पि,कालीकोट
कर्णाली प्रदेश

### बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८२/१०/०३**

रास्कोट नगरपालिकाले तपसिलको कार्यका लागि मध्यान्ह (राष्ट्रिय) दैनिकमा सार्वजनिक सूचना प्रकाशन गरेको, तोकिएको समयभित्र रीतपूर्वक दर्ता भएका बोलपत्रहरूमध्ये तपसिलमा उल्लेखित बोलपत्रदाता न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही पाइएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) र २७(२) को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाता एवं सबै सरोकारवालाहरूका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | ठेक्का नं | कामको विवरण | बोलपत्र स्वीकृत हुने फर्मको नाम | कबोल अंक (रु.) (मु.अ. कर र पि. एस. बाहेक) |
|---|---|---|---|---|
| 1. | RM/082-83/ WORKS/NCB-04 | Construction of Dharmadatta Basic School, Raskot Municipality-04 | Freeman – D&D JV, Kalikot | २,४९,२८,१२९.२९ |

**प्रमुख प्रशासकीय अधिकृत**

## मकवानपुरगढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
मक्राञ्चुली, मकवानपुर
बागमती प्रदेश, नेपाल

### प्राविधिक प्रस्ताव छनोटको जानकारी एवं आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**(सूचना प्रकाशित मितिः २०८२/१०/०३ गते)**

यस मकवानपुरगढी गाउँपालिकाको चालु आ.व. २०८२/०८३ स्वीकृत बजेट तथा कार्यक्रम अनुसार तपशिल बमोजिमका निर्माण कार्यका मिति २०८२/०८/१२ गते प्रथम पटक बोलपत्र आह्वानको लागि https://www.bolpatra.gov.np/egp को माध्यमबाट सूचना प्रकाशन भए बमोजिम E–Bid मार्फत् रितपूर्वक पेश हुन आएका बोलपत्रहरु उपर मूल्याङ्कन प्रक्रिया सुरु गरी बोलपत्रहरुको परीक्षण गर्दा तपशिल बमोजिम बोलपत्रदाताहरु प्राविधिक प्रस्तावको मूल्याङ्कनमा सफल भएकोले उक्त मूल्याङ्कनमा सफल भएका बोलपत्रदाताहरुबाट पेश भएका आर्थिक प्रस्ताव तपशिल बमोजिमका मिति, समय र स्थानमा खोलिने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ।

**तपशिल :**

| क्र.सं. | ठेक्का नं./ठेक्का विवरण | प्राविधिक मूल्याङ्कनमा सफल भएका बोलपत्रदाता |
|---|---|---|
| 1. | 02/MGRM/WORKS/NCB-2082/083 Upgrading of Kurle-Baspani-Budhichaur Sadak, Makawanpurgadhi-2, 7 & 8 | M/S Gurukul Builders-Pradesh Sambriddhi-Chaudhary Nirman J.V. |
| | | M/S Shreeman-Alive J.V. |
| | | M/S Jarga & Brothers-Seven Rainbow J.V. |

**आर्थिक प्रस्ताव खोलिने स्थान : मकवानपुरगढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, योजना/प्राविधिक शाखा**
**मिति : २०८२/१०/११ गते**
**समय : दिउँसो १:०० बजे**

**प्रमुख प्रशासकीय अधिकृत**

## रंगेली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रंगेली, मोरङ
कोशी प्रदेश, नेपाल

### ठेक्का अन्त्य किन नगर्ने सम्बन्धि अन्यन्त जरुरी सूचना

**(सूचना प्रकाशित मितिः २०८२/१०/०३)**

तपशिलमा उल्लखित निर्माण व्यवसायी र रंगेली नगरपालिका, मोरङ्ग विच निर्माण कार्य गर्ने सम्झौता भएको तथा उक्त निर्माण कार्य लामो समय देखि सुचारु नभएको, कामको प्रगति नभएको तथा निर्माण कार्य समयमै सम्पन्न गर्नका लागि यस अघि पटक-पटक दिइएको मौखिक निर्देशन तथा लिखित पत्र समेतको बेवास्ता गरेको र प्रतिबद्धता अनुसार कार्य नगरेको एवम् निर्माण सम्पन्न गर्नुपर्ने अन्तिम म्याद भित्र/थप गरिएको म्याद समाप्त हुँदा समेत निर्माण व्यवसायीबाट निर्माण कार्य सम्पन्न गर्ने तर्फ कुनै चासो नदेखाएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम निर्माण व्यवसायीसँग भएको ठेक्का सम्झौता किन अन्त्य नगर्ने ? तथा कालोसूचीको लागि सिफारिस किन नगर्ने ? ठेक्का अन्त्य गर्नु नपर्ने तथा कालोसूचीको लागि सिफारिस गर्नु नपर्ने कुनै मनासिव कारण भएमा १५ (पन्ध्र) दिन भित्र विश्वसनीय स्पष्टिकरण पेश गर्न हुन अनुरोध छ।अन्यथा यसै सूचनालाई अन्तिम ताकेता मानी ठेक्का सम्झौताका शर्तहरु, सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम ठेक्का सम्झौता रद्द गरी तत्पश्चात गरिने सम्पूर्ण कानुनी कारबाहीको प्रक्रिया अगाडि वढाउने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिलः

| क्र.सं. | ठेक्का विवरण | निर्माण व्यवसायी |
|---|---|---|
| १ | प्रशासनिक भवन निर्माण ठेक्का नं. NCB/Rangeli/Works/13/077/78 | जेसिका/शान्ती/मचिन्द्र जे.भि. तेह्रथुम |
| २ | कोल्ड स्टोर निर्माण ठेक्का नं. NCB/Rangeli/Works/23/077/78 | दाप्चा/सिम्पानी जे.भि. दोलखा |

**प्रमुख प्रसासकीय अधिकृत**

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः भगवतीबहाल, नक्साल, काठमाडौं, फोनः **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेलः **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादकः **मदनकुमार श्रेष्ठ** सम्पादकः **जनक नेपाल**